# क्षीरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख श्री योगेन्द्र पजियारबाट चौंथो नगर सभामा प्रस्तुत गरिएको नीति, कार्यक्रम तथा बजेट सम्बन्धी बक्तव्य

**२०७६।०३।०९ गते सोमवार**

प्रमुख अतिथिसम्मानित व्यवस्थापिका सांसद ( प्रदेश सभा, प्रदेश नं. २ ) तथा नेपाली काँग्रेस संसदीय दलका नेतामाननीयश्री रामसरोज यादव ज्यू,बिशिष्ट अतिथिजिल्ला समन्वय समिति धनुषाका प्रमुख श्री रामदेव वनरैत यादव ज्यू, नगर उप प्रमुख ज्यु, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु,नगर सभा सदस्यज्यूहरु,नगर सभा सचिव लगायत राष्ट्रसेवक सम्पुर्ण कर्मचारीहरु,स्थानीय तथा राष्ट्रिय स्तरमा कार्यरत मिडियाकर्मी मित्रहरु, अन्य अतिथिज्यूहरु तथा आजको चौंथो नगर सभामा उपस्थित सम्पूर्ण महानुभावहरुयहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै न्यानो अभिवादन टक्रयाउन चाहन्छु । मेरो व्यक्तिगत तथा यस क्षीरेश्वरनाथ नगरपालिकाको तर्फबाट नमस्कार !

पूर्ब निर्धारित समय तालिका तथा स्थानीय शासन ऐनमा उल्लेखित प्राबधानहरुको आधारमा तपाँईहरु सबै छोटो समयको निमन्त्रणालाई स्वीकार गरी आफ्ना महत्वपूर्ण समयलाई यस नगरमा सर्वसाधारणहरुको पहुँचमा गुणस्तरीय सेवा प्रवाह गर्ने क्रियाकलापहरुको छनौट, योजनामा समाबेशीकरण, कार्यान्वयनका लागि आवश्यक सम्भावित श्रोतहरुको पहिचान, व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्नु हुने तथ्यलाई हृदयङ्गम गरी पुनः तपाईहरु सबैमा हार्दिक अभिवादन गर्दछु ।

आगामी आर्थिक वर्ष २०७६/०७७ का लागिबार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित हुने अवसर दिनु भएका यस नगरका सम्पूर्ण सर्वसाधारणहरुप्रति हार्दिक कृतज्ञता समेत व्यकत गर्दछु । मुलुकको शासन व्यवस्थामा परिबर्तन भईलोकतन्त्र तथा गणतन्त्रात्मक शासन व्यवस्थाका सुगन्धहरु( सुवासहरु ) मिसाई सर्बसाधारणहरुमा सुशासनको प्रत्याभुती होस भनेर यो क्षीरेश्वरनाथ नगरपालिका सँधै सजग, तत्पर रहने छ भनी सबैलाई विश्वास दिलाउन चाहन्छु । नेपालको शासन व्यवस्थामा आमूल परिबर्तन भएर पनि यसलाई संस्थागत गर्न अहिले पनि धेरै प्रयासहरु तथा सकारात्मक सोचमा आधारित कार्यक्रमहरुको आवश्यकता छँदै छ । देशको शासन व्यवस्थामा यी आमूल परिबर्तन ल्याउने कार्यमा शहिदहरुको बलीदानीपूर्ण समर्पणलाई उच्च मूल्य दिई ज्ञात, अज्ञात शहीदहरुको महान आत्माहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरी उच्च सम्मान समेत प्रकट गर्दछु ।

सर्वप्रथम यस नगर सभा समक्ष चालु आर्थिक बर्ष २०७५।०७६ को अषाढ ५ गतेसम्मको समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

आ.ब. २०७५।०७६ मा केन्द्र तथा आन्तरीक स्रोतबाट करिब रु.४९ करोड ३५ लाख ७७ हजार यस नगरपालिकामा आम्दनी प्राप्त भई सो मध्ये नगर क्षेत्रको विकासको लागि २४ करोड ५९ लाख ४८ हजार खर्च भएको जानकारी गराउन चाहन्छु ।सो खर्च मध्ये चालुमा रु. ३ करोड २७ लाख ९७ हजार र पुजिगत,सामाजिक सुरक्षा तथा अन्य कार्यक्रम खर्च रु. २१ करोड ३१ लाख ५१ खर्च भएको देखिन्छ । चालु खर्चको तुलनामा विकास खर्च संतोषजनक रहेको देखिन्छ । तर लक्ष्यको तुलनामा खर्च कम हुनुको कारणमासम्बन्धित कानूनको अभाव र दरबन्दी अनुसारका कर्मचारी अभाव आदि प्रमुख कारण रहेका छन् ।यस अबधिमा भएका महत्वपूर्ण कार्यहरु मध्ये त्रेतायुगमा जगत जननी श्री सीता माताको बाल्यकालमा खेलकुद गरेको यस नगरपालिका स्थित दुग्धमति नदी सौन्दर्यकरण, यस नगरपालिकाकाको भवन निर्माण, विभिन्न स्थानमा कालोपत्रे सडक निर्माण, कृषि सडक निर्माण, सडक ढलान तथा नाला निर्माण लगायतका उल्लेखनीय कार्यहरु भएको देखिन्छ । यसैगरी मानिसको जन्मदेखि मृत्यु सम्मको कार्यहरुको लागि गर्भवति महिला तथा जन्मेको बच्चालाई पोषण खर्च, मोतियाबिन्दु तथा अपरेशन खर्च र मृत्यु पश्चात क्रिया गर्नको लागि सहयोग स्वरुप नगरपालिकाबाट क्रिया खर्च उपलब्ध गराईएको छ । संगठनको लक्ष्य प्राप्ति गर्न संगठनमा कार्यरत जनशक्तिको महत्वपुर्ण भुमिका रहेको हुन्छ । सो लाई मध्यनगर गर्दै यस नगरका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिको

लागि अवलोकन भ्रमणको व्यवस्था गरिएको, सकारात्मक सोच सम्बन्धी कार्यक्रम संचालन गरिएको, स्थानीय कर्मचारी तथा पदाधिकारीको काम, कर्तव्य र अधिकारको जानकारी गराउने उदेश्यले ३ दिने स्थानीय सरकार संचालन ऐन सम्बन्धी तालिम, ८० बर्ष भन्दा माथिका बृद्धबृद्धाहरुलाई सम्मान स्वरुप लौरो तथा दोसल्ला वितरण, खेलकुद क्षेत्रमा ब्याडमिन्टन टुनामेन्ट, प्रत्येक वडाको घर घरमा बृद्धबृद्धाहरुलाई स्वास्थ्य शिविर तथा दोसलाले सम्मान, आन्तरिक आयको ठेक्का बन्दोबस्त र चालु आ.ब.को योजना तथा कार्यक्रम संचालन गर्नको लागि उपभोक्ता समिति गठन प्रक्रिया एवं निर्माण कार्यको ठेक्का बन्दोबस्तको प्रक्रिया अघि बढाईएको छ । गत आ.व.को पुजिगत तर्फको दायित्व सिर्जना भई चालु आ.व.को समिक्षा अवधीमा सो को भुक्तानी समेत भै सकेको छ । साथै गत दिपावलीको अवसरमा नगरका प्रत्येक वडाका सडकहरुमा सडक बत्ति जडान गरेको व्यहोरा समेत सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**अब म यस सम्मानित नगर सभा सदस्यहरु समक्ष आगामी आ.व.२०७६।०७७ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

हालसम्म प्राप्त आन्तरिक आय, प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको अनुमान, संघबाट प्राप्त हुने अनुदानको अनुमान र दातृ निकायहरुबाट प्राप्त अनुदान समेतको आधारमा आगामी आ.व. २०७६।७७ को लागि रु. ५७ करोड ५४ लाख ३२ हजारको बजेट पेश गरेको छु । अनुमानित बजेटमा समानिकरण, सशर्त, तराई मधेश समृद्धि कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम, कृषि पुर्वाधार विकास कार्यक्रम, सम्पुरक तथा बिशेष अनुदान कार्यक्रम र निर्वाचन क्षेत्र(स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम तथा आन्तरिक आय आदि रहेका छन ।

बजेट नीति तथा कार्यक्रममा गत नगरसभाले पारित गरेका योजनाहरु मध्ये हालसम्म संचालन हुन नसकेका योजनाहरुलाई परिवर्तन गरि नगरवासिहरुबाट मांग भएका अन्य महत्वपुर्ण योजनाहरुमा रकम बिनियोजन गरिएकोछ । त्यसैगरि नयां ठेक्का बन्दोबस्तबाट प्राप्त भएको रकमबाट समेत अन्य महत्वपुर्ण योजनाहरु संचालन गर्ने लक्ष्य लिइएको छ । केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त अनुदानले मात्र नगरवासिहरुको चाहना पुरा गर्न नसकिने हुनाले नगरको आन्तरिक आम्दानी बृद्धि गर्नको लागि नयां क्षेत्र तथा श्रोत पहिचान गरि आन्तरिक आम्दानी बृद्धि गर्न हरसम्भव प्रयास गरिएको छ ।

यस नगरको चौथो नगरसभामा प्रस्तुत भई पारित भएका नीति,कार्यक्रम र बजेट अनुसारकार्यक्रमहरु कार्यान्वयन गर्न समग्र बिषय क्षेत्रहरुलाई समेट्न ऐन, नियम तथा संस्थागत व्यवस्थाहरु पूर्ण भईनसकेको यस महत्वपूर्ण घडीमा मैले निर्वाचनको समयमाजनता समक्ष गरेकावाचाहरु ( मैले प्रतिनिधित्व गरेका दल घोषणा पत्र ) र जनमतको कदर गर्दै सीमित श्रोतसाधनका बाबजुद पनि बिकासका सबै क्षेत्रहरुलाई सम्बोधन गर्ने प्रयत्न गर्दै नगरको साधन श्रोतहरुलाई सन्तुलित एबं न्यायोचित ढङ्गबाट वितरण गर्न हरसम्भव प्रयास गर्दै आएको छु र फेरी पनि गर्ने नै छु भनी सबैमा विश्वास दिलाउन चाहन्छु ।तेस्रो नगर सभामा पारित गरिएका क्रियाकलापहरुको सञ्चालन र समाप्ती तथा ती कार्यक्रमहरुबाट सिकिएका पाठहरुलाई मार्गदर्शनको पाठको रुपमा स्वीकार गरी आगामी दिनमा आवश्यक हुने योजना तर्जुमा, श्रोतहरुको पहिचान, संकलन तथा परिचालन गर्न सफल हुन्छु भनी विश्वास लिएको छु ।

प्रचुर व्यावसायिक, धार्मिक एवं पर्यटकिय सम्भावना बोकेका, जगत जननी माता जानकीको जन्मभूमिसँगै अवस्थित क्षीरेश्वरनाथ नगरपालिकामा क्षीरेश्वरनाथ महादेव मन्दिर, ऐतिहासिक तथा धार्मिक पृष्ठभुमि बोकेका दुधमती पोखरी, निरन्तर सँधै सबै महिनाहरुमा लागनेपशुबजार सञ्चालनबाट यहाँका व्यावसायीहरुले पनि अत्यधिक अवसरहरु पाएका छन् । यस नगरपालिका क्षेत्र वरिपरि सबै क्षेत्रहरुमा सकारात्मक सम्भावनाहरु रही रहँदा यसमा चुनैतीहरु पनि त्यतिक्कै छन् । सखुवा बजार साथै कृषि उत्पादनयुक्त भु-भागहरु, औरही, जलाद, हर्दिनाथ जस्ता खोलाहरु, उत्पादनको लागि बजारहरुसँगै निकटता र उधोग तथा कलकारखानाको स्थापनाको साथै शहरोन्मुख रहेको महेन्द्रनगर बजार यस क्षीरेश्वरनाथ नगरपालिका क्षेत्रका विशेषता र सम्भावनाका बाहकहरु भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

हाम्रो नगर ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक, धार्मिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त सबल सम्भावना भएता पनि नगरको समग्र आर्थिक, सामाजिक विकास र प्रकृयालाई अघि बढाउन हाम्रा सामु थुप्रै चुनौती रहेका छन् । संक्रमणलाई हटाउँदै संघीयताको संस्थागत विकासका लागि विभिन्न अभ्यास गरिरहेका हाम्रो मुलुकले अहिले **'समृद्धनेपाल, सुखी नेपाली** नारालाई आत्मसात गरी विकासका कार्यक्रमहरुको सञ्चालनमा लागि रहेको सन्दर्भमा प्रत्येक नेपालीले एक अर्कामा होस्टेमा हैस्से गर्नु पर्ने आवश्यकता पनि छ । यसका लागि विकासको मूल प्रवाहमा आउन नसकेका, पछाडि पारिएका/परेका वर्ग, लिङ्ग र क्षेत्रहरुलाई विकासको मूलप्रवाहमा समाहित गर्नु, स्थानिय स्तरमा रोजगारीका अवसरहरुमा बृद्धि गरी युवा जनशक्तिलाई स्वदेशमै केही गर्न सकिन्छ भन्ने आशा र विश्वासहरुको सञ्चार गराउनु, निर्वाहमुखी कृषि प्रणाली मात्र होइन प्रबिधिमा आधारित कृषिलाई व्यवसायीकरण गरी निकासीयोग्य कृषि उत्पादनमा अपेक्षित वृद्धि गरीकृषि पेशालाई अशिक्षित र गरिबको पेशाबाट सम्मानित पेशाको रुपमा रुपान्तरण गरी युवाहरुमा श्रमप्रतिको सकारात्मक भावलाई संस्कारको रुपमा वृद्धि गरी देशलाई सम्मुन्नत वनाउनमा आवश्यक पहल गर्नेपक्षमा म सबैलाई विश्वास दिलाउन चाहन्छु । युवालाई रोजगारमा संलग्नता बढाउन प्रोत्साहित गर्नु, उपलब्ध साधन श्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्नु स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्नु आदि विकास प्रकृयाका विद्यमान चुनौतीहरु हाम्रा सामु छन्, यस मध्ये पनि हाम्रा लागि सबै भन्दा ठुलो चुनौति भनेको हाम्रो मानसिकतामा रहेको जातीय छुवाछुत र भाग्यबादी चिन्तन गर्नु नै हाम्रो**समृद्धि**का यात्रामा मुख्य बाधक रहेको हुँदा यसका लागि विभिन्न ज्ञानमूलक तथा व्यवहारमूलक सचेतना कार्यक्रमहरुको सञ्चालनलाई बिशेष जोड दिनुपर्ने आबश्यकता मैले देखेको छु । यस किशिमका अन्धविश्वासलाई हटाउन आधारभूत तहका शिक्षाका कार्यक्रमहरुमा नै वैज्ञानिक खोज, प्रयोग तथा अन्य जिज्ञाशामूलक गतिविधिहरुलाई पाठ्यक्रममा समावेश गरी विद्यालय शिक्षामा सुधार गर्ने कार्यहरुमा सम्बन्धित सबै पक्षहरुलाई यस्ता कार्यहरुमा म ध्यान आकृष्ट गराउन चाहन्छु । शिक्षामा भएका लगानीबाट दिगो विकासका लागि सबै पूर्बाधारमा विकास गर्ने सुनिश्चित छ ।

**आदरणिय उपस्थित महानुभाब तथा सज्जनबृन्दहरु,**

स्थानिय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिले शपथ लिई पदभार ग्रहण गरेपछि नगरबासीले अपेक्षा राखेका **"तीब्र बिकास र शीघ्र सेवा"** कतिपय नीतिगत पक्षहरुमा अस्पष्टता र स्थानिय तहलाई प्रदान गरिएको जिम्मेवारी अनुसारको संस्थागत प्रबन्ध नहुँदा सन्तोषजनक रुपमा अघि बढन नसकेकोस्थिती हामी सबैले अनुभब गरेकैछौ । यसका लागि **नेपालको संबिधानले** स्थानिय तहलाई एकल अधिकार अन्तर्गत तोकिएका २२ वटा बिषयहरुमा यसै आ.ब.२०७६/०७७ भित्र कानून निर्माण गरि कार्यन्वयनमा ल्याउने र दक्ष जनशक्ति सहितहुने संस्थागत व्यवस्था मिलाउन हामी सबैका लागि गर्नुको सट्टा दोश्रो बिकल्प नभएको व्यहोरा यहाँहरु समक्ष राख्न चाहन्छु ।

साथै एउटा आर्थिक वर्षको अन्त्य तिर र अर्को आर्थिक बर्ष सुरुवातका क्षणमा अत्यन्तै छोटो समयका बाबजुद पनि यो चौथो नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु, प्रस्तुत आगामी आ.व. को यो नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपालको संबिधानको भावना, नेपालको चौधौं आवधिक योजनाले परिलक्षित गरेका मार्गदर्शन, स्थानिय सरकार संचालन ऐन २०७४ ले गरेको दिशा निर्देश, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहस्राब्दी बिकासका सूचकहरुले निर्धारण गरेका क्षेत्रहरु, दिगो विकासका सूचकहरुसंघीय सरकारबाट आगामी आ.व.का लागि प्रस्तुत भएको नीति तथा कार्यक्रम, प्रदेश नम्बर २ सरकारबाट प्रस्तुत नीति तथा कार्यक्रम र हाम्रा कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझावहरुलाई नै प्रमुख आधार मानी आगामी आ. व.२०७६/०७७ को वार्षिक नगर बिकास योजना तर्जुमा गर्दा लिईने नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको क्षेत्रगत **नीतिहरु** संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# राजस्व परिचालन एवं श्रोत अभिवृद्धि

१. करदाताहरुको संख्यामा बृद्धि गरी बढी भन्दा बढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहन गर्न क्षीरेश्वरनाथ नगरपालिका सबै वडामा करदाता शिक्षा कार्यक्रम संचालन गरी राजश्व अभिवृद्धि गर्न करदाताहरुको व्यवहारमा परिबर्तन ल्याउन आ.व. २०७६/०७७ मा वडास्तरका कार्यालयहरुबाटै कर, शुल्क तथा दस्तुर बुझाउन सकिने व्यवस्था मिलाइनेछ ।

२. उक्त कार्यका लागि आवश्यक जनशक्ति र श्रोत साधनहरुको व्यवस्थापन गर्ने कार्य लगभग अन्तिम चरणमा छ ।

३. राजश्व असुली कार्यलाई पारदर्शी, सरल र सूचनामैत्री बनाउन नगरका १० वटै वडामा कम्प्युटर सफ्टवेयर जडान गरिने छ । जसबाट जुनसुकै समयमा राजश्वको संकलन, प्रशासन तथा व्यवस्थापन बारे सम्बन्धित सबैमा विश्वसनीय सूचना प्रबाह गर्न सकिने छ ।

४. यस नगरपालिकामा दर्ता नभएका तर घरेलु, आन्तरिक राजश्व कार्यालय, उद्दोग वाणिज्य संघको कार्यालयमा दर्ता भई व्यवसाय संचालन गरी आएका व्यवसायीहरुलाई दुई वर्षको कर लिई दर्ता प्रकृयामा आउन अगामी आ.व.को साउन महिनामा ९० दिनको सूचना जारी गरिने छ ।

५. कर प्रणालिलाई व्यवस्थित र प्रभावकारी बनाउने सवालमा व्यापारी व्यवसायिहरुको प्रतिनिधिमूलक संस्था स्थानीय उद्योग वाणिज्य संघ क्षीरेश्वरनाथसँग सहकार्य र समन्वय गर्दै अगाडी बढने नीति लिईनेछ ।

६. वार्षिक पेशा व्यवसाय कर र घरवहालकर असुली कार्यलाई थप प्रभावकारी बनाउन वडा समिति र टोल विकास संस्थाहरुलाई परिचालन गर्ने तथा थप जिम्मेवार बनाउने नीति लिईनेछ ।

७. ठेला, रिक्सा र विद्युतीय रिक्सा दर्ता नविकरण र सिफारिश प्रकृयालाई व्यवस्थित गरि यही २०७६ साल भित्र दर्ता नवीकरण गराउनेलाई लाग्ने करमा १०% छुट दिईनेछ ।

८. आपाङ्ग, अशक्त, दैवीप्रकोप पिडित, लोपोन्मुख जाती र ज्येष्ठ नागरिकहरुलाई नेपाली नागरिकता प्राप्तिको सिफारिश यस आर्थिक बर्षमा पनि निःशुल्क रुपमा गरिनेछ ।

९. क्षीरेश्वरनाथ नगरपालिका क्षेत्रमा कुनै व्यक्ति वा संघ संस्थाले भवन, जग्गा, गोदाम, सेड आदि बहालमा लगाएका धनीहरुलाई करको दायरामा ल्याई वहाल अंकको १०% घरवहालकर अशुल गर्न वडा कार्यालयलाई कृयाशील बनाईने छ ।

१०ं यस नगर क्षैत्र भित्र नयाँ उद्योग व्यवसाय सञ्चालन तथा स्थापना गर्न लगानीकर्तालाई सुरक्षा सहितको प्रोत्शाहन गर्ने नीति लिइने छ ।

१२. विभिन्न प्रयोजनका लागि अरुको घरमा भाडा लिई कारेबार व्यवसाय सञ्चालन गर्नेले भाडा स्वरुप तिर्ने घर बहाल कर प्रणालीका लागि करदाताको घरधुरी सर्वेक्षण कार्य सञ्चालनमा ल्याइने छ । यस कार्यलाई भरपर्दो तथा विश्वासिलो वनाउन उद्योग वाणिज्य संघसँग आवश्यक सहकार्य गरिने छ ।

१३. सम्पत्ति कर, पेशाव्यवसाय कर, घर वहाल कर, मनोरंजन करलाई पारदर्शी र प्रभावकारी बनाउन आवश्यक्ता अनुसार नीति नियमको आधारमा कार्यविधि बनाई व्यवस्थित गरिनेछ, साथै डीस केबुल सञ्चालक र डिस होम विक्रेता डिलरहरुसँग समन्वय गरी प्रत्येक केवुल संचालकबाट ग्राहक संख्याको आधारमा मासिक रुपमा मनोरन्जन कर लिने व्यवस्था मिलाईनेछ ।

१४. कानून बमोजिम गठित र दर्ता भई संचालनमा रहेका कम्पनी, उद्योग, प्रतिष्ठान, औधोगिक संस्थाहरु सँग तोकिए बमोजिमको कर र बक्यौता असुलीलाई प्रभावकारी बनाईनेछ ।

१५. एकीकृत सम्पत्ति कर कार्यान्वयनमा हाल देखिएको कानूनी द्वीविधा अन्त्य भएपछि यसलाई व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याउन आवश्यक प्रबन्धहरु मिलाउँदै लगिनेछ ।

१६. कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुलाई आफुले बुझाउनु पर्ने व्यवसाय कर, वहाल कर, चुक्ता गर्न अनिवार्य गरिनेछ । साथै सो योजनाबाट लाभान्वीत उपभोक्ताहरुलाई पनि आफूले तिर्ने बाँकी कर चुक्ता गर्न लगाइनेछ ।

१७. यस नगरपालिकाको स्वामित्वमा रहेका र नगरपालिकाले संरक्षण र परिचालन गर्न सक्ने भवन, जग्गा जमिन, हाटबजार, पोखरी तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी यसलाई राजस्व आम्दानी गर्ने माध्यमका रुपमा परिचालन गरिनेछ । यस्ता श्रोतहरुको परिचालन गर्दा पारदर्शी, प्रतिस्पर्धात्मक पद्धतिको प्रक्रियालाई अवलम्बन गरिनेछ ।

१८. यस नगरपालिका क्षेत्रका प्रत्येक घर व्यवसाय भवन, विद्यालय, रेष्टुरेन्ट, होटल, थोक व्यापारी, फलफुल तथा तरकारी व्यवसायी र अन्य फोहरमैला उत्सर्जन गर्नेहरुबाट राजस्व परामर्श समितिको सिफारिशमा नगर कार्यपालिकाले तोकिए बमोजिमको दरमा फोहरमैला व्यवस्थापन शुल्क लिने नीति निर्माण गरि लागु गरिनेछ ।

१७. विशेष परिस्थितिमा उल्लेखित कर, शुल्क, दस्तुर आदिका दरबन्दीहरुमा कार्यन्वयनको समस्या आएमा आगामी नगर सभाबाट अनुमोदन गराउने गरी नगरकार्यपालिकाबाट कर, शुल्क, दस्तुर आदिका दरहरुमा आवश्यक्ता अनुसार हेरफेर गर्न सकिनेछ ।

१८. वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई नगरपालिकाबाट आयोजना गरिने कुनै सार्वजनिक समारोहमा विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।

१९. नगरपालिकाबाट उपलब्ध गराईने सेवा सुविधाका कार्यहरुलाई राजस्व चुक्ता प्रणलीसँग आवद्ध गरिनेछ ।

२०. कर सङ्कलन कार्यमा संलग्न कर्मचारी पदाधिकारीहरुलाई प्रोत्साहीत गर्न वार्षिक लक्ष्य भन्दा बढी कर सङ्कलन भएमा लक्ष्य भन्दा बढी सङ्कलन भएको रकमबाट उत्कृष्ट योगदान गर्ने कर्मचारी तथा पदाधिकारीलाई नगर कार्यपालिकाको निर्णयबाट प्रोत्साहन पुरस्कार तथा सम्मानको व्यवस्था गरिने छ ।

२१. यस नगरपालिका क्षेत्रमा पसल, बजार तथा अन्य सार्वजनिक सम्पत्तिको नगरपालिका बाहेक अरु संघ संस्था तथा निकायहरुबाट पनि ठेक्का बन्दोबस्त गरी सोको आम्दानी लिने गरेको पाईएकोले त्यस्तो ठेक्का पट्टालाई रोक लगाई सम्पूर्ण आम्दानी नगरपालिकामा दखिला हुने गरी एकद्वार प्रणालीबाट राजश्व परिचालन गर्ने निति लिइने छ ।

२२. नगर क्षेत्रमा रहेका सार्बजनिक भवन, जग्गा, पोखरी, हाटबजार लगायत सम्पूर्ण सार्बजनिक सम्पत्ति खोजबिन गरी नगरपालिकाको स्वामित्वमा ल्याई अभिलेखीकरण गरी सार्बजनिकीकरण गरिनेछ ।

२३. करदाताहरुको सहभागितामा राजस्व अभिवृद्धि गरी कुल बजेटको अंशमा आन्तरिक आम्दानीको अंश प्रत्येक वर्ष वृद्धि गर्दै लगिने छ ।

२४. स्थानीय तहलाई प्राप्त आर्थिक अधिकार अन्तर्गत परिचालन गरिने राजस्व सम्बन्धी संरचनागत व्यवस्थालाई सुढृढ तुल्याई आन्तरिक राजश्व परिचालन कार्यलाई प्रभावकारी बनाईनेछ ।

## आर्थिक विकास सम्बन्धि

१. कृषिक्षेत्रको उत्पादन बढाई कृषकका जिवनस्तर बढाउन नगरस्तरीय कृषि नीति, भुउपयोग नीति र सहकारी सम्बन्धी नीति निर्माण गरी कार्यन्वयन गरिनेछ ।

२. माटोको उर्वराशक्तिलाई जोगाई राख्न रासायनिक मल तथा विषादिको प्रयोगलाई निरुत्साहित गरी आर्गेनिक खेतीलाई प्रोत्साहन गरिनेछ ।

३. क्षीरेश्वरनाथ नगरपालिका क्षेत्रलाई नेपाल सरकारबाट माछा, तरकारी तथा फलफुलको पकेट क्षेत्रका रुपमा विकास गर्न लिएको नीति अनुसार सोका लागि आवश्यक पर्ने पुर्वाधारको विकास गर्दै तरकारी तथा फलफूलका विरुवाहरुमा तोकिएको सरकारी दरमा ५०% अनुदानका लागि रकम विनियोजन गरिनेछ ।

४. विषादी न्यूनीकरण गर्न कृषकहरुको सचेतनाका लागि नगरपालिकाका विभिन्न क्षेत्रमा कृषक पाठशाला पूर्ण रुपमा सञ्चालन गरिनेछ ।

५. स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुका साथै सहकारीलाई समाजको आधारभुत तहसम्म विस्तार गरि आर्थिक सामाजिक रुपान्तरणको आधार निर्माण गर्ने तर्फ कदम बढाईनेछ ।

६. यस नगरपालिकाका अर्थतन्त्र अभिवृद्धिमा तीन खम्बे नीतिलाई आधार बनाइनेछ, जस अन्तर्गत सहकारी, सरकारी र निजी क्षेत्रलाई समेट्ने प्रयास गरिने छ ।

७. पशुखोप कार्यक्रम, पशुगोठ व्यवस्थापन, पशुआहारजस्ता कार्यक्रम पशुपंक्षी विकास कार्यालयसँगको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

८.. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक बनाई आधुनिक व्यवसायिक कृषि प्रणालिमा रुपान्तरण गर्न जोड दिइनेछ ।

९.. प्रदुषित कृषिउपजको उपभोगबाट आफू जोगिई र अरुलाई पनि जोगाउन **"प्राङ्गारिक उपजको प्रयोग गरौ"** भन्ने नारा अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१०.. कृषकहरुलाई आवश्यक्ता अनुसार व्यवसायिक कृषि तालिमको लागि विशेष जोड दिईनेछ ।

११. सार्वजनिक जग्गा तथा नदि किनारमा भएका बगर क्षेत्र भित्र आयमूलक बृक्षारोपण तथा फलफूलका बिरुवा रोपी आम्दानी गर्न प्रोत्साहित गर्ने नीति लिईनेछ ।

१२.उपभोक्ता अधिकार सुनिश्चित गर्नका लागि उपभोग्यबस्तुको गुणस्तर सम्बन्धी कार्यविधि बनाई जनचेतनामूलक कार्यक्रम वनाई सचेतना अभिवृद्धि गराउने र नियमित बजार अनुगमन तथा नियमन प्रणालीको विकास गरिनेछ ।

१३. स्वस्थ्य, स्वच्छ मासुको विक्री वितरण गर्ने कार्यलाई अनुगमन गरी व्यवस्थित र प्रभावकारी तुल्याईनेछ ।

१४. दुग्ध व्यवसायलाई प्रवर्द्धन गर्न पशुपालक कृषकलाई प्रोत्साहीत गरिनेछ ।

१५. स्थानीय श्रोत, साधन एवं जनशक्ति परिचालन गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्ने उधोगहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

१६. कालोबजारी नियन्त्रण गर्न उधोग वाणिज्य संघ, वडाकार्यालय, टोल विकासका लागि संस्थाहरुको गठन गरी ती समुदायलाई सहभागी बनाई अनुगमन संयन्त्र निर्माण गरिनेछ र आवश्यक मापदण्ड बनाई त्यस्तो कार्यलाई दण्डित गर्ने निती लिईनेछ ।

१७. नगर क्षेत्र भित्र रहेका ऐतिहासिक, पुरातात्विक स्थल तथा पर्यटन क्षेत्रहरुको संरक्षण, संवर्द्धन गरि त्यसको प्रचार प्रसार गर्दै त्यसबाट आय आर्जन र रोजगारी श्रृजना गर्ने नीति लिईनेछ ।

१८. नगर भित्रका संम्पुर्ण सहकारीलाई सहकारीको मर्म तथा सिद्धान्तबारे जानकारी गराउदै **गाँउ गाउँमा सहकारी घरघरमा रोजगारीको** नारालाई वडा तहसम्म लागु गरिने छ ।

१९. युवा स्वरोजगार, लघुवित्त, सामूहिक कर्जा, शैक्षिक कर्जा र वैदेशिक कर्जा क्षेत्रमा वितिय क्षेत्रलाई लगानी गर्न अनुकुल वातावरण श्रृजना गर्ने नीति लिईनेछ ।

२०. वित्तिय संघ संस्थासँग समन्वय गरी सामाजिक उत्तरदायित्व अन्तर्गत तोकिएको क्षेत्रमा सहुलियत ब्याजमा लगानी गर्न प्रेरित गरिनेछ ।

२१. अनुत्पादक खर्चको कटौती र उत्पादक क्षेत्रमा लगानी गर्ने नीति लिईनेछ ।

२२. नगरमा औद्योगिक मैत्री बातावरण श्रृजना गरी रोजगारी श्रृजना हुने क्षेत्रमा लगानी गर्न लगानीकर्ताहरुका लागि लगानी मैत्री बातावरण श्रृजना गर्ने नीति लिईने छ ।

२३. नगरका युवाहरुलाई प्राविधिक सीपयुक्त तालिम दिई रोजगारीका लागि क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गने नीति लिईनेछ । यस नगरमा बेरोजगार युवाहरुमा रहेको वैदेशिक रोजगारीप्रतिको आकर्षणलाई निरुत्साहि गर्दै त्यस्ता जनशक्तिहरुको सूची निर्माण गरी नगर क्षेत्र भित्रै स्वरोजागारीको अवसरहरु श्रृजना गरिने छ ।

२४. विभिन्न विषयगत शाखाहरु ( शिक्षा, स्वास्थ्य, कृषि, पशु, उर्जा तथा वातावरण, रोजगार, महिलाबालबालिका तथा ज्येष्ठ नागरिक ) बाट चालु आ.व.को लागि पेस भएका कार्यक्रमहरु नगरपालिकाको बजेटमा समावेश गरी प्रभावकारीरुपमा संचालन गरिनेछ ।

२५. कृषि तथा पशुपालनमा देखिएका बढदो महिला सहभागितालाई प्रोत्साहन गर्दै उहाँहरुको क्षमता विकाससँगै सशक्तिकरणका लागि आबश्यक तालिम तथा साना व्यावसायिक महिलामुखी कार्यकमहरु संचालनमा ल्याईनेछ ।

## पूर्वाधार तथा भौतिक विकास

१. **"भौतिक पूर्बाधार सहितको संस्थागत सुधार, क्षीरेश्वरनाथ नगरपालिकामा दिगो विकासका आधार"** भन्ने नारालाई आत्मसात गरी विभिन्न संरचनात्मक कार्यक्रमहरुमा लगानी बढाइनेछ ।

२. **"हाम्रो प्रतिवद्धता, प्रत्येक वडामा स्तरीय सडकको सुनिश्चितता "** भन्ने नारा अनुरुप नगरक्षेत्रभित्रका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाईप सहित ग्राभेल सडकमा स्तरोन्नती गरिनेछ ।

३. गत विगत वर्षहरुमा अधुरा क्रमागत योजनाहरुलाई र विषयगत कार्यालयबाट वित्तीय हस्तान्तरण भई आएका अधुरा योजनाहरुलाई उच्च प्राथमिकतामा राखी सम्पन्न गराउने नीति लिईनेछ ।

४. क्षीरेश्वरनाथ नगरको हाल कायम भएको भौगोलिक क्षेत्र अनुसार यसै बर्ष भित्र नगर यातायात गुरुयोजना (MTMP) निर्माण गरी चाँडै कार्यान्वयन गरिनेछ ।

५. आवधिक नगरविकास योजना, भु-उपयोग नीति योजना, प्रकोप व्यवस्थापन योजना, सडक मापदण्ड,भवन निर्माण मापदण्ड शीघ्र तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

६. नगरस्तरीय योजना छनौट गर्दा दीर्घकालीन रुपमा प्रभावकारी हुने योजनालाई छनौट गरी कार्यान्वयन गरिनेछ ।

७. उपभोक्ता, संघसंस्था र समुदायको साझेदारीमा नगरपालिकाको बजार क्षेत्रको मुख्य मुख्य सडकहरु कालोपत्र गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

८. **उर्जामा सबैको सहज पहुँच कार्यक्रम** सहितको अभियान संचालन गरी विद्युत सुबिधा उपलब्ध नभएका गाउँ बस्ती तथा नगरका चोकगल्लीहरुमा प्राथामिकता साथ सडक बिद्युतीकरण गर्ने नीति लिईनेछ ।

९. क्षीरेश्वरनाथ मन्दिरलगायत अन्य स्थानहरुलाई  पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना निर्माण गरी नगरको गौरवमय धार्मिक पर्यटकीय स्थलको रुपमा प्राथामिकतासाथ विकास गर्दै लगिनेछ ।

१०. पाँच लाख भन्दा बढी लागतका आयोजना स्थलमा योजना सम्बन्धीस्वीकृत बजेट, लागत अनुमान, प्रारम्भ मिति, अन्तिम मिति र उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिव सहितको नाम विवरण उल्लेख भएको होर्डिगं बोर्ड राख्न लगाईनेछ ।

११. नगरक्षेत्रमा २० फिट भन्दा कम चौडाई भएका बाटोमा नगरपालिका तर्फबाट मर्मत सम्भार तथा स्तरीकरण गर्न कुनै किसिमको लगानी नगर्ने नीति लिईनेछ ।

१२. प्रदेश २ को राजधानी जनकपुरधामको प्रवेश द्वारको रुपमा रहेको यस नगरपालिकालाई हरित सडकको व्यव्स्थापन गरिनेछ ।

१३. सम्भव भए सम्म **"एक वडा एक विशेषआयोजना"** कार्यक्रम अन्तर्गत प्रत्येक वडामा कम्तीमा १ करोडको लागतको एक योजना पहिचान गरी कार्यान्वयन गर्ने निति लिईनेछ।

१४. दुधमति पोखरी क्षेत्रमा आबश्यक पुर्वाधार निर्माण गरी पर्यटकीय क्षेत्रकारुपमा बिकास गरिनेछ ।

१५. **"एक वडा एक वाल उद्यान"** को अवधारणा अनुरुप नगर क्षेत्रमा रहेका ऐलानी सार्वजनिक जग्गालाई संरक्षण गरीवाल उद्यानको रुपमा विकास गर्ने नीति कार्यान्यिवन गरिनेछ ।

१६. अव्यवस्थित हाटबजारलाई व्यवस्थित किशिमबाट संचालन गर्न आबश्यक भौतिक पूर्वाधारमा सुधारगरिनेछ ।

१७. वडा कार्यालयहरुलाई वडा सेवा कन्द्रकारुपमा बिकास गर्न तथा वडा कार्यालय मार्फत गरिने कार्यलाई प्रभाबकारीरुपमा सम्पादन गर्न कार्यालय भवन निर्माण गर्न निशुल्क जग्गा उपलब्धताका लागि प्रयत्न गरिने र जग्गा उपलब्ध भएका स्थानमा सर्बे,लागत अनुमान, ड्र्ईङ्ग, डिजाईनको कार्यलाई अगाडी बढाईने र श्रोत भ्याए सम्म भवन निर्माणका लागि बजेट बिनियोजन गरिनेछ ।

१८. क्षीरेश्वरनाथ नगरपालिकाको पच्चिस बर्षे दिर्घकालीन सोच सहितको पन्चबर्षीय आवधिक बिकास योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

१९. पुर्वाधार बिकासकालागि जनसहभागिता र जनपरिचालनमा आधारित कार्यक्रमलाई प्राथामिकतासाथ कार्यान्वयनमा जोड दिईनेछ । नगर क्षेत्रमा उपभोक्ता मार्फत संचालन हुने आयोजनामा हालसम्म नगद सहभागिता गर्ने प्राबधान रहेकोमा यस क्षेत्रका बासिन्दाहरुको आर्थिक अवस्था कमजोर रहेकोले नगद

लागत सहभागिता जुटाउन कठिनाई रहेको अवस्थालाई मध्य नजर गर्दै केही कम लागत सहभागिता लिने तर्फ जोड दिने नीति लिईनेछ ।साथै उपभोक्ताहरुको सहकार्यमा निर्माण हुने योजनाहरुमा मेशीनको प्रयोगलाई निरुत्शाहन गरिने छ ।

२०. वडाबाट प्राप्त भएका सम्पूर्ण योजनाहरुको (project Bank)बनाई क्रमशः प्राथमिकताका साथ कार्यन्वयन गरिने नीति लिईनेछ ।

२१. यस नगरपालिकाको पहिचान स्थापित गर्नकालागि समग्र मिथिला प्रदेशकै गौरवकी मुर्तीजगत जननी माता सीताको बिशाल मुर्ती निर्माण गर्ने लक्ष्य लिईएकोमा सो कार्यका बिस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य अन्तिम चरणमा रहेको व्यहोरा सभा समक्ष जानकारी गराउदै सो मुर्ती निमाणको लागि आवश्यक बजेटको लागि सार्बजनिक / निजि क्षेत्रकोसंगको सहकार्य ( Public Private Partnership)मा जोड दिईने नीति लिईनेछ ।

२२. बिकास व्यबस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित बिकास गर्ने नीति अवलम्वन गरिनेछ । सोही अवधारणा अनुरुप जनसंख्या,क्षेत्रफल,विकासको अवस्था,आन्तरिक आयमायोगदान जस्ता सूचकहरुका आधारमा वडास्तरीय श्रोतसाधनको बाडँफाड गर्ने नीति अवलम्बन गरिनेछ ।

२३. नगर क्षेत्रमा पुर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्मैत्री र बाताबरण मैत्री गर्ने नीति लिईनेछ ।

२४. भौतिक पुर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभाबकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभाबकारी बनाईनेछ ।

२५. उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दिर्घकालसम्म आयोजनाको सञ्चालन,व्यबस्थापन र मरम्मत सम्भारमा स्वयं उपभोक्तालाई नै जिम्मेवार बनाउने नीति लिईनेछ । साथै स-साना मरम्मत सम्भारकालागि वडास्तरमै मरम्मत सम्भार कोषको स्थापना गर्ने नीति लिईनेछ ।

२६. नगरको पहिचान दिने, रोजगारी र स्वरोजगारी श्रृजना गर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिई गरिबी न्युनीकरण एवं समावेशी विकासबाट समाजिक विभेद कम गर्दै जाने नीति लिईनेछ ।

२७. नगरमा गरिने सार्वजनिक निर्माण कार्यहरुमा उच्चस्तरको गुणस्तर कायम गर्ने नीति लिईनेछ । सार्वजनिक निर्माण कार्यहरु गुणस्तर भए नभएको अनुगमन गर्न नगर उपप्रमुखको संयोजकत्वमा अनुगमन समिति रहनेछ ।

२८. नगरपालिका क्षेत्रभित्र सानातिना पुल कल्भर्ट निर्माण र नाली सहितको सडक निर्माण कार्यलाई प्राथमिक्ता दिईनेछ ।

२९. शहरीविकास मन्त्रालयसँगको सहकार्यमा दिर्घकालीन दृष्टिकोण सहित नगरको समग्र शहरी विकासको खाका तयार गरी कार्यान्वयनका लागि बृहत्तर शहरी विकास गुरुयोजना तर्जुमा गरिनेछ ।

३०. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्डको परिधीभित्र रहेर घर नक्सा पास गर्ने कार्यलाई व्यवस्थित तुल्याईने नीति लिईनेछ । भवन निर्माणको अभिलेखिकरण कार्यलाई निरुत्साहन गर्न आगामी आ.व.को श्रावणमसान्त सम्म भवन अभिलेखिकरण गरिने तत् पश्चात दोव्वर दस्तुर लिई मात्र अभिलेखिकरण गरिनेछ ।

३१. भवन निर्माणमा एक घर दुई रुखको नीति अवलम्ब गरिनेछ । भवन निर्माण सम्पन्न प्रमाणपत्रको लागि उक्त घरको परिसरमा रुख बिरुवा रहेको फोटो अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

३२. नगरपालिकाले शहरीविकास मन्त्रालय सँग समन्वय गरी व्यवस्थित बसोवासको लागि LAND POOLING कार्यक्रमलाई सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

३३. कृषि क्षेत्रको पुर्वाधार विकासको लागि पर्याप्त ध्यान दिईनेछ ।

३४. नगरक्षेत्रमा रहेका सडकहरुको RIGHT OF WAYलम्बाई, सडकको नामाङ्कन समेत गरी प्रवेश बिन्दुमा होर्डिङ्ग बोर्ड राखिनेछ ।

. ३५. यस नगरको आफ्नो भवन निर्माणधीन रहेको अवस्थामा नगरका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न एवं व्यवस्थापन गर्न जग्गा र भवनको अभाव रहेकोले यसै नगरपालिका भित्र वडा नं. ५ स्थित रहेको जनकपुर चुरोट कारखानाको स्वामित्वमा रहेको भवन तथा जग्गा हाल प्रयोगमा नरहेको देखिएकोले त्यो भवन तथा जग्गा नगरपालिकाको स्वामित्वमा ल्याउने कानूनी पक्रियाको थालनी आगामी आ.व. देखि गरिनेछ ।

## बातावरण तथा विपद व्यवस्थापन

१) यस नगरपालिकामा विपद व्यवस्थापनका लागि एउटा बलियो आकस्मिक कोषको स्थापना गरी प्रत्येक वर्ष बृद्धि गरिदै लगिनेछ । कोषको संचालन र व्यबस्थापनका लागि कार्यबिधि निर्देशिका बनाई लागु गरिनेछ ।

२) नगरपालिकामा स्थानीय विपद व्यवस्थापन समितिको गठन गरी विपद पुर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्युनिकरण तयारीको कार्ययोजना निर्माण गरिनेछ । भविष्यमा विपद न्यूनिकरणको लागि पूर्वसूचना प्रणाली सम्बन्धी कार्यक्रम तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।

३) नगरलाई वातावरण मैत्री हरितनगरको रुपमा विकास गर्न बृक्षारोपन तथा वनबुटानको संरक्षण गरि हरितगृह प्रभावलाई न्युनिकरण गर्ने निती लिईनेछ ।

४) विपदको अवस्थामा खोज तथा उद्धारको लागि विपद व्यवस्थापनमा कामगर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गरि स्वयं सेवक र उद्धार राहत सामग्रीहरुको भण्डारण र पुर्व तयारीको व्यवस्था मिलाईनेछ ।

५) वडास्तरमा सम्भावित विपदको अनुमान गरी त्यससँग लड्न सक्ने क्षमता, सामग्री तथा प्रबिधिहरुको व्यवस्थापन गरिनेछ ।

६) बाढीले गर्दा डुबान भएका ठाउँहरुको सम्भावित सूची तयार गरी त्यसलाई व्यवस्थि किशिमले समाधानको अवस्था मिलाइने छ ।

७) यस नगरपालिका क्षेत्र भित्र विभिन्न संघ संस्था द्वारा संचालित एम्बुलेन्स सेवालाई व्यवस्थित गर्न समन्वय गरिनेछ ।

८) यस नगरपालिकासंग रहेको बारुण यन्त्र व्यबस्थितरुपमा संचालनको लागि संलग्न कर्मचारीहरुलाई तालिम प्रदान गरि चुस्त र दुरुस्त तुल्याइनेछ ।

९) भुकम्प लगायत अन्य प्रकोप जस्ता प्राकृतिक विपतीको अवस्थाका लागि “एक टोल एक खुल्ला क्षेत्र” को अवधारणा अनुसार खुल्ला क्षेत्रको पहिचान गरि खुल्ला क्षेत्रको रुपमा तोकिनेछ र त्यस्तो क्षेत्रमा कुनै किसीमको निर्माणकार्य गर्न रोक लगाईनेछ ।

१०) नगरका १० वटै वडा कार्यालयहरुमा फोहरमैला सम्बन्धी नागरिक सचेतना कार्यक्रम संचालन गरिनेछ र सबै वडाहरुमा वडा स्तरीय खानेपानी, फोहरमैला, स्वच्छता समन्वय समिति गठन गरि सक्रिय तुल्याईनेछ ।

११) सार्वजनिक सडक, नाली र खुल्ला स्थानहरुमा फोहर फाल्नेलाई कानुन अनुसार कार्यवाही गरि जरिवान गरिनेछ ।

१२) फोहर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक नीजि साझेदारी (PPP) को अवधारणा अनुसार सःशुल्क फोहर व्यवस्थापनको नीतिलाई अगाडी बढाईनेछ ।

१३) क्षीरेश्वरनाथ नगरपालिका क्षेत्र भित्र अझै ३०% घर धुरी शौचालय विहिन रहेकोले खुल्ला दिसा मुक्त कार्यक्रमलाई अभियानका रुपमा संचालन गरि सन् २०१९ भित्र यस नगरपालिकालाई पुर्ण सरसफाई गर्ने कार्यक्रमहरु अवलम्बन गरिने छ ।

१४) घना बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न प्राथमिक्ता दिईनेछ ।

१५) फोहरमैलालाई उत्पादन तहमै वर्गिकरण गरि जैविक र अजैविक (सड्ने र नसडने) छुटाछुटै संकलन गर्ने व्यवस्था मिलाईनेछ ।

१६) जैविक फोहरबाट घरमै कम्पोष्ट मल बनाई प्रयोग गर्न उत्प्रेरित गरिनेछ ।

१७) औधोगिक, हस्पीटलजन्य रासायनिक फोहरको व्यवस्था सम्बन्धीत पक्षले नै गर्नुपर्ने नीति लिईनेछ  र सोका लागि नगरपालिकाले आवश्यक सहयोग गर्नेछ ।

१८) नगरमा खुल्ला आयोजनाहरु संचालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मुल्याकंन (IEE, EIA) को अध्ययन गरिनेछ ।

१९) हरित शहर निर्माण गर्न वातावरण शिक्षा, वातावरण संग सम्बन्धीत संदेशमुलक सामग्री उत्पादन, प्रचार प्रसार वातावरणीय सरसफाई, वातावरणमैत्री प्रविद्धिको प्रयोग गर्न प्रोत्साहन गर्न नीति लिईनेछ ।

२०) घरपालुवा जनावर तथा पशुपंक्षीलाई जथाभावी सडकमा छाड्न रोक लगाईनेछ ।

२१) स्थानीय संघ संस्था क्लबहरु संग सहकार्य गरि हरेक वडामा सम्भव भए सम्म शारिरीक व्यायम खेलकुद र मनोरंजन गर्ने खालका मैदान एवं पार्क उद्धान निर्माण र संचालन गर्ने नीति लिईनेछ

२२) वातावरण मन्त्रालयबाट स्वीकृत राष्ट्रिय मापदण्ड प्रतिकुल हुने प्लाष्टिकको झोला प्रयोगमा प्रतिबन्द्ध लगाईनेछ र नगरलाई प्लाष्टिकमुक्त नगर क्षेत्र बनाउने नीतिलाई अगाडी बढाईनेछ ।

२३) वातावरणमैत्री स्थानीय शासण EFLG अवधारणाका सुचकहरुलाई कार्यन्वयन गर्दै नगरलाई वातावरणमैत्री नगर बनाउने नीति लिईनेछ ।

२४) जलवायु अनुकुलन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२५) क्षीरेश्वरनाथ नगरपालिकालाई ग्रीन एण्ड क्लीन सिटीको रुपमा स्थापित गर्न सार्वजनिक जमिन, नदी तथा सडक किनारामा बृक्षारोपण गर्ने र एक घर दुई बिरुवाको अभियानलाई टोल विकास संस्थाहरुको जिम्मेवारीमा प्रभावकारी कार्यान्वयन गरि प्रदुषण मुक्त नगर बनाउने नीति लिईनेछ

२६) बन बिउ नरसरी, बगैचा, नीजि पार्क उद्धान तथा व्यवसायिक बन स्थापना गर्नलाई प्रोत्साहित गरिनेछ ।

२७) भु-उपयोग योजना कार्यन्वयनमा जोड दिनेछ, साथै विस्थापित क्षेत्रलाई समेटिने छ, खेती योग्य जमिनलाई प्लटिङ्ग गर्न निरुतसाहित गरिनेछ ।

२८) सार्वजनिक परती जग्गाको संरक्षण गर्न वडा समिति र समुदायलाई सहभागीता गराई उत्तरदायीबनाईनेछ ।

२९) सरुवा रोग, डेङ्गु, लु तथा शितलहर जस्ता रोगहरुबाट बच्न जनचेतनामूलक कार्यकमहरुं प्रचार प्रसारका रुपमा सञ्चालन गरिनेछ र किटजन्य रोगहरु नियन्त्रण गर्न आवश्यकता अनुसार किट नियन्त्रण र नष्ट गरिनेछ ।

## वितिय व्यवस्थापन सम्बन्धी

१) नगरपालिकाको नाममा रहेका वातावरण व्यवस्थापन कोष, मर्मत सम्भारकोष, दैविक प्रकोप विपत्त व्यवस्थापन कोषको उद्देश्य अनुसार रकम अभिवृद्धि गरी लक्षीत वर्गको हितमा बढी प्रतिफल प्राप्त हुने गरी परिचालन गर्ने नीति लिईनेछ ।

२) क्षीरेश्वरनाथ नगरपालिकाको सबै वडाहरुबाट राजस्व सङ्कलन लगायतका कार्यहरु सम्पादन भै रहेकोले वडाका कार्यहरुलाई कम्प्यूटरको माध्यमबाट सञ्चालन गरी सूचना प्रविधिमैत्री बनाउन आवश्यक साधन स्रोत उपलब्ध गराई क्षमता विकासको लागि तालिमको व्यवस्था मिलाईनेछ ।

३) क्षीरेश्वरनाथ नगरपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई अभिवृद्धि गरि कर्मचारीको हितमा बढी प्रतिफल प्राप्त हुने गरि परिचालन गर्ने नीति लिईनेछ । यस कोषलाई पुनर्जिवित गरी प्रत्येक महिनामा कर्मचारीले थाप्ने तलब भत्ताको १० प्रतिशत कट्टा गरी कोषमा अनिवार्य जम्मा गर्ने व्यवस्था मिलाइने छ ।

४) नगरपालिकाको वित्तिय कारोबारलाई कम्प्युटरीकृत गरी थप व्यवस्थित गरिने छ, नगरपालिकको लेखा प्रणाली Accural Accounting System मा संचालन गरिने नीति लिएको छ ।

५) वडास्तरबाट संकलन हुने राजश्वलाई INTERNET कम्प्यूटर प्रणालीबाट नगरपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गराई व्यवस्थित बनाईनेछ ।

६) नगरपालिकाको करको दायरा फराकिलो बनाउदै समग्र नगरको राजश्व अभिवृद्धि गर्ने कार्यमा टोल विकास संस्था र व्यापार संघलाई परिचालन गरिनेछ, टोल विकास संस्थाले गरेको योगदानको आधारमा प्रोत्साहन र पुरस्कृत गर्ने नीति लिईनेछ ।

७) नगरपालिकालाई आवश्यक पर्ने अफिस उपकरण, स्टेशनरी तथा मेशिनरी सामानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेण्टी भएका समानहरु मात्र खरिद गरिनेछ र प्रचलित नियम अनुसार केही प्रतिशत महगो भए तापनि स्वदेशी उत्पादनलाइ नै प्राथमिक्ता दिनेछ ।

८) कार्यालयमा भएका साधन, मेशिन, उपकरणहरुको समयमै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र श्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिईनेछ ।

९) नगरपालिका कार्यलयमा र वडा कार्यालयमा हुने बैठक सभा, भेलाहरुलाई मितव्ययिता र छरितो बनाईनेछ ।

१०) कार्यालयको तर्फबाट गरिने भ्रमण कार्यक्रमलाई मितव्ययी, औचित्यपूर्ण र प्रभावकारी बनाउन आवश्यकताको आधारमा भ्रमण आदेश दिने र भ्रमण पछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्न व्यवस्था मिलाईनेछ ।

११) यस नगरपालिकामा भ्रष्टाचार जनित व्यवहारमा शुन्य सहनशिलताको नीतिलाई अंगिकार गरिएकोछ ।

१२) नगरपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुमा वित्तीय जोखिम न्युनीकरण गर्नका लागि निर्माण तथा खरिद प्रक्रियाहरुलाई बढि प्रतिस्पर्धात्मक बनाउन विगत देखि प्रयोगमा ल्याईएको विधुतीय टेण्डर (E–BIDING) लाई अझ प्रभावकारी बनाईनेछ ।

१३) कार्यालयबाट योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा खरिद एवं वित्तीय क्रियाकलापसँग सम्बन्धित समिति तथा कार्यदल गठन गर्दा सम्भव भए सम्म पदाधिकारी तथा कर्मचारीहरु दोहोरो नपर्ने गरि राखिनेछ ।

१४) आन्तरिक लेखा परिक्षण शाखाको स्थापना गरी आन्तरिक लेखा परिक्षणलाई प्रभावकारीबनाईनेछ ।

१५) सङ्कलन भएका राजस्वलाई उही दिन वा अर्को दिन अनिवार्य रुपले बैङ्क दाखिला गरी सक्नु पर्ने सार छ । यस कार्यमा खटिएका कर्मचारीले राजस्व व्यवस्थापनमा कुनै खलल पुग्ने कार्य गरे वा गर्नलाई सहयोग गरेमा नियमानुसार कार्यवाहीको भागी बन्नु पर्ने हुन्छ ।

१६) कर प्रशासनलाई चुस्त दुरुस्त बनाउने नयाँ नीति सहितका सुधारका उपायहरु अवलम्वन गरिने छ ।

१७) कर तिरौं, स्वस्थ्य बनौं र एउटा जिम्मेबार नागरिक बनौं भनी नाराहरु लेखिएका सूचनाका पाटीहरु विभिन्न ठाउँहरुमा सबैले बुझ्ने गरी राख्ने व्यवस्था मिलाइने छ ।

## सार्वजनिक सेवा एवं सुशासन प्रर्वद्धन

१) महिनामा एक पटक**‘स्थानीय सरकार जनतासँग’**कार्यक्रमको व्यवस्था मिलाई प्रत्येक महिनाको १ गते वडा कार्यालयमा गई नगर प्रमुखसँग जनताको प्रत्यक्ष संवाद कार्यक्रम क्रमैसँग १० वटै वडामा सञ्चालन गरी जनताले आफ्ना पीर मार्का तथा गुनासो राख्ने व्यवस्था मिलाईनेछ ।

२) वडा कार्यालयहरुबाट प्रबाह हुने सेवामा सर्वसाधारण जनताको पहुँचमा बृद्धिगरी सेवा प्रबाहलाई प्रभावकारी बनाउदै वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने र वडा कार्यालयहरुको पूर्वाधार विकास गर्ने नीति लिईनेछ ।ोजना

३) कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक तालिम तथा गोष्ठीहरुको आयोजना गरिनेछ ।

४) कार्यलय तथा वडा सचिवालयमा कार्यरत रहेका कर्मचारीहरुको समानुपातिक रुपले योजनाको आधारमा क्षमता विकासका प्याकेज तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

५) सुशासन, पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरी नगरपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको समाजिक प्रभावको लेखाजोखा गर्ने गरी समाजिक परीक्षण र सबै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडागत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

६) नगरपालिकाको अधिकारिक वेभसाईटलाई नियमित अपडेट गरी नागरिकलाई प्रबाह गर्ने सेवालाई सुचना प्रविधिमा अधारित बनाउन अभिप्रेरित गरिनेछ ।

७) नगरपालिकाबाट प्रबाह हुने सेवाका प्रकार र शर्तहरु उल्लेख भएका विवरणलाई कार्यालय समयमा दुई पटक नेपाली र स्थानीय भाषामा प्रशारण गर्ने व्यवस्था मिलाइनेछ । अडियो चार्टरको धारणामा यसलाई प्रयोगमा ल्याइने छ ।

८) नगरपालिकाका सबै वडाहरुमा व्यक्तिगत पारिवारिक घटना दर्ता गर्ने कार्य अनलाईन मार्फत संचालन गरिनेछ । यसका लागि सबै वडा सचिवहरुलाई तालिमको व्यवस्था गरिएको छ ।

९) नगरपालिकाको कार्य प्रणालीलाई सुरक्षित र सेवा प्रबाहलाई पारदर्शी र थप व्यवस्थित बनाउन क्रमशः वडा कार्यालयहरुमा CCTV जडान गरिदै लगिनेछ ।

१०) नगरपालिकाका गतिविधिहरु नगरवासी समक्ष पुर्‍याउन नगरको मुखपत्रको रुपमा चौमासिक नगर बुलेटिन प्रकाशन गरिनेछ, साथै रेडियो, टेलिभिजन मार्फत पनि नगरका गतिविधिहरु प्रशारण गरिनेछ ।

११) सुचनाको पहुँच अभिवृद्धि गर्न नगरपालिकामा जनप्रतिनिधी र कर्मचारीहरुलाई सुचना प्रविधि सँग सम्बन्धित तालिम कार्यक्रम संचालन गरिनेछ ।

१२) नगरपालिकामा एउटा व्यवस्थित सुचना केन्द्रको स्थापना गरी संचालन गरिनेछ ।

१३) नगरपालिकाको भौगोलिक सुचना प्रणाली GIS लाई प्रयोग गरी योजना तर्जुमा र राजश्व परिचालन कार्यमा उपयोग गरिनेछ ।

१४) विद्युतीय हाजिरीलाईकार्यन्वयनमा ल्याई सुशासन, पारदर्शिता र जवाफदेहितालाई प्रर्वद्धन गरिनेछ ।

१५) नगरपालिकाको संस्थागत विकास तथा सुशासन जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यक्तानुसार नियम विनियम तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

१६) सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग बढाउदै Paperless adminstration इ-प्रशासन भएको कार्यालयको रुपमा विकास गर्दै लगिनेछ ।

१७) अव उप्रान्तका दिनहरुमा नगरपालिकाबाट प्रदान हुने कागज पत्र वडासतरमा समेत हस्तलिखित पत्र लेख्ने अभ्यास आगामी आर्थिक वर्ष देखि पूर्णतः रोक लगाइनेछ ।

१८) नगरपालिकाबाट जनप्रतिनिधी तथा कर्मचारीलाई गरिने पत्राचारलाई निरुतसाहित गरि SMS, email प्रणालीको प्रयोग र अभ्यासलाई प्रभावकारी बनाईनेछ ।

१९) सेवाग्राही नागरीकहरुको गुनासो व्यवस्थापन गर्न हरेक वडामा एक जना गुनासो सुन्ने प्रतिनिधि सूचना अधिकारीको रुपमा समेत तोकी कार्यमा लगायने व्यवस्था मिलाईनेछ । साथै नगरपालिकामा समेत गुनासो व्यवस्थापनलाई थप व्यवस्थित बनाईनेछ ।

२०) यस नगरमा कार्यरत कर्मचारी र जनप्रतिनिधि ज्यूहरुलाई प्रत्येक वर्ष पोशाक खरिदमा भ्रत्ताको व्यवस्था भएकोले तोकिएकै पोशाकमा कार्यालय आउने अनिवार्य व्यवस्था गरिएको छ, यसमा कसैबाट पुरा नभएमा कानून बमोजिम भई जाने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२१) क्षतिपुर्ति सहितको नागरिक वडापत्रको प्रभावकारीता वृद्धि गर्न श्रव्य दृश्य (Audio Visual Charter) प्रविधिमा आधारित नागरिक वडापत्र तयार गरिनेछ । नागरिक वडापत्रलाई सबै तह, तपका तथा वर्गको पहुँचमा पुर्याउने तर्फ आवश्यक कार्य गरिनेछ । सेवाग्राहीको सहयोग र कार्यालयबाट प्रवाह गरिने सेवालाई व्यवस्थित बनाउन जनप्रतिनिधि रहेको Help Desk स्थापना गरिनेछ ।

२२) वडा सरकारको अवधारणा अनुसार नगरवासीका अधिकतम सेवा वडा कार्यालयबाटै उपलब्ध हुने व्यवस्था मिलाईएको छ । सेवाग्राहीहरुलाई गुणस्तरीय र सहज सेवा प्रदान गर्नका लागि सेवाग्राहीमैत्री वडा कार्यालयको घोषणा गर्ने नीति ल्याईनेछ ।

२३) जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।

२४) स्थानीयतहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ ।

२५) सेवा प्रबाहलाई प्रविधि मैत्री बनाईनेछ ।जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय र जनमैत्री बनाईनेछ ।

२६) परिवर्तित सन्दर्भमा संविधान र कानूनद्वारा प्राप्त अधिकारको प्रयोग र कर्तव्य पालनाको लागि आवश्यक मानव श्रोतको वैज्ञानिक र तथ्यपरक विश्लेषण गरी संगठन अध्ययन गरी संगठन संरचना र जनशक्ति व्यवस्थापन गर्ने नीति लिईनेछ ।

२७) जिल्ला स्थित कार्यालय, विषयगत कार्यालय, शाखा तथा वडा कार्यालयहरु बीच सहकार्य र सौहार्द्धताका लागि एक उपयुक्त संयन्त्रको निर्माण गरी बस्तु सेवा तथा विकास आयोजनाहरुलाई समन्वयात्मक परिपूरक र परिपोषण गरिनेछ ।

२८) कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने नीति लिईनेछ ।

२९) आफ्ना काम कारवाही, निर्णयहरुको नियमित प्रकाशन गरी सुसूचित गर्ने नीति लिईनेछ ।

३०) कार्यालयको कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवाग्राहि प्रति सम्मानपूर्ण व्यवहार गर्न अभिप्रेरित गरिनेछ ।

३१) संघीय मामिला तथा सामान्य मन्त्रालयको प्रस्तावित संगठानिक संरचनाका आधारमा कर्मचारीको दरबन्दी स्वीकृत गरी लोकसेवाबाट तथा तोकिएको प्रक्रियाबाट पदपुर्ति गर्ने नीति लिईनेछ ।

३२) आर्थिक बर्षको अन्त्यमा नगरपालिकाबाट सम्पादन गरिएका सम्पुर्ण गतिविधिहरुलाई वृत्तचित्र बनाई प्रशारण गर्ने गराउने व्यवस्था मिलाईनेछ ।

## सामाजिक विकास सम्बन्धी

१) क्षीरेश्वरनाथ नगरपालिकालाई भबिष्यमा मानवताको शहर (city with humanity) बनाउनका लागि खुल्ला दिशामुक्त, छुवाछुत मुक्त, पुर्ण साक्षारयुक्त, पुर्णखोपयुक्त, घरभित्रको धुवाँमुक्त, पूर्ण सरसफाईयुक्त, जस्ता देहाय बमोजिमका कार्यक्रमहरुलाइ अभियानकारुपमा संचालन गरिनेछ ।

- बालमैत्री शहर क्षीरेश्वरनाथ नगर
- वाताबरणमैत्री शहर, क्षीरेश्वरनाथ नगर
- लैङिकमैत्री शहर क्षीरेश्वरनाथ नगर
- खुल्ला दिशामुक्त शहर क्षीरेश्वरनाथ नगर
- महिलाहींसामुक्त शहर क्षीरेश्वरनाथ नगर

२) महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

३) एकल तथा दलित महिलाहरुका हित प्रवर्द्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।

४) महिला बालबालिका तथा अन्य लक्षित वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

५) सामाजिक कुरितीको रुपमा रहेको बालबिवाह, बहुबिवाह, बोक्सी प्रथा, रुढीवाद, अन्धविश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत् सचेतीकरण गरिनेछ ।

६) नगर क्षेत्रमा निर्माण पूर्वाधार, महिला मैत्री, वालमैत्री तथा अपाङ्गमैत्री बनाउने नीति लिईनेछ ।

७) सडक वाल वालिकाहरुको पुनःस्थापना र समुदाय सचेतीकरण कार्यक्रम संचालन गरिनेछ । आश्रय आवश्यक पर्ने पीडित बालवालिकाहरुको लागि सुरक्षित आवासको व्यवस्था मिलाईनेछ । निकृष्ट प्रकारका वालश्रमलाई निषेध गरिनेछ । आगामी ५ वर्षभित्र क्षीरेश्वरनाथ नगरलाई सडक वालवालिकामुक्त नगर बनाईनेछ ।

८) परिवारबाट विछोड भएका बेसहारा सडक मै जीवन बिताउने मानसिक सन्तुलन गुमाएका व्यक्तिहरुको उद्दार गरी परिवार सँगको पुर्नमिलन गर्ने कार्यको थालनी गरिनेछ ।

९) क्षीरेश्वरनाथ नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र नगरस्तरमा वालक्लब र वालसंजाल गठन पुनर्गठनलाई नियमित गरी क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०) क्षीरेश्वरनाथ नगरपालिकालाई वालमैत्री नगर घोषणाको अवस्थामा पुर्‍याउन कार्यविधिले तोके बमोजिम कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

११) नवजात शिशु, वालवालिका, गर्भवती तथा सूत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

१२) यस नगरक्षेत्र भित्र २०७४ साल माघ १ गते देखि गर्भवती महिलालाई पोषण खर्च बापत प्रति महिना रु.२००/- का दरले ९ महिनाका लागि हुने रकम रु. १८००/ शिशु जन्मनुपूर्ब एकमुष्ट पहिलो किस्ता र शिशु जन्मेर जन्म दर्ता भएपछि एक वर्ष सम्मको लागि प्रति महिना रु.२००/का दरले रु.२४००/ उपलब्ध गराउँदै आएको पोषण भता सुबिधा आगामी आ.ब. २०७५।७६ मा पनि निरन्तर कायम राखिनेछ ।

१३) मृगौला, मुटु, कलेजो, र्अबुद, स्पाईनल ईन्जुरी, मेनेन्जाईटिस, पक्षघात (घातक) रोग लागेको बिरामीहरुलाई आगामी आ.व. देखि रु. १००००।०० दश हजार प्रदान गरिनेछ ।

१४) दुई भन्दा बढी सन्तानको जन्म दिनु भन्दा उनीहरुको पालनपोषण तथा शिक्षा दिक्षामा धेरै खर्चिनु पर्ने अवस्था रहेकोले यस प्रकारका सुविधाहरु दुई सन्तानसम्म मात्र पाइने व्यवस्थालाई कार्यान्वयनमा ल्याइने छ ।

१५) जनसंख्या नियन्त्रण भन्दा उनीहरुको पालन पोषण तथा शारिरिक, मानसिक विकास र व्यवस्थापनमा ध्यान दिने सोच नगरपालिकाको रहने छ ।

१६) आगामी आ.व.मा कुनै बहानामा सामाजिक सुरक्षा भत्ता लगायत अन्य सुविधाहरु रकम उल्लेख भएका चेक पूर्ण रुपमा बन्देज लगाइनेछ ।

१७) उपभोगता समितिको गठन तथा नियमन गर्ने कार्यमा निरक्षर व्यक्तिलाई नराख्ने व्यवस्था मिलाइने छ । यदि सर्वेक्षण गर्न घर घरमा गई कसैको घरमा त्यस्ता निरक्षर पाइएमा नियमानुसार गर्ने नीति नगरपालिकाले अबलम्वन गर्ने छ ।

१८) समाजिक अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिईनेछ । ज्येष्ठ नागरिकहरुको अवस्था विशेषको आधारमा तथ्यांक व्यवस्थित गरिनेछ ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सक्रिय बनाउन "ज्येष्ठ नागरिकः **एक वडा एक मिलन केन्द्र"** संचालन गरिनेछ । त्यसका लागि हाल सबै वडामा जेष्ठ नागरिकको संगठन निर्माण गर्ने र तथ्याकंनिर्माण गर्ने कार्य संचालनभईरहेकोछ ।

१९) नगरपालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिईनेछ ।

२०) ग्रामिणक्षेत्रका लागि विभिन्न खालका आयआर्जनमा सहयोग पुग्ने सीपमूलक तालिम संचालनगरिनेछ । स्वरोजगार महिला उद्यमीहरुलाई विशेष प्रोत्साहन तथा सहयोग गरिनेछ ।

२१) औद्योगिक, आर्थिक, समाजिक विकासका लागि दक्ष जनशक्ति तयार गर्न विभिन्न सीपमूलक तालिम संचालनमा व्यवसायिक तालिम केन्द्रहरुसँगको सहकार्यलाई प्राथमिकता दिईनेछ ।

२२) अपाङ्गमैत्री शहर क्षीरेश्वरनाथ नगरपालिका बनाउनका लागि कार्ययोजना निर्माण गरी कार्यक्रम कार्यान्वय गरिनेछ । साथै अपाङताको प्रकृति अनुसारका सहयोगी सामग्रीहरु बितरण गर्न रकम बिनियोजनगरिएकोछ ।क्षीरेश्वनाथ नगरपालिकालाई हरेक किसिमको विभेदमुक्त समाज निर्माण गर्ने नीति लिईनेछ । यसका लागि सकारात्मक विभेदको नीति समेत अवलम्ब गरिनेछ ।

२३) छुवाछुतमुक्त समाजको अवधारणालाई सार्थक बनाउन समुदाय तहसम्म मिलन लगायतका कार्यक्रम संचालन गरिनेछ । जातीय भेदभाव , छुवाछुत सामाजिक अपराध भएकोले दण्डनीय बनाईनेछ ।

२४) यौनिक, लैगिंक अल्पसंख्यकहरुको मूलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आयआर्जनमा सहकार्य गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२५) युवावर्गहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न अतिरिक्त क्रियाकलाप, व्यावसायिक तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२६) युवावर्गलाई खेलकुदको माध्यमबाट स्वस्थ्य जीवनशैली र सृजनात्मक क्षमताको विकास र समाजको प्रतिष्ठा अभिवृद्धि गर्न प्रेरित गरिनेछ ।

२७) खेलकुदको विकासको लागि प्रत्येक बर्ष खेलकुद संघसंस्थाहरुको साझेदारीमा मेयर कप फुटवलको आयोजना गरिनेछ ।

२८) माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्कको प्राबधान रहेको छ । विद्यालयहरुको नक्शाङ्कंन गरी राष्ट्रिय मापदण्ड अनुरुपको दुरी भित्र आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन गरिनेछ । साथै विद्यालयहरुको पठनपाठ्नमा गुणस्तर ल्याउन विशेष ध्यान दिईनेछ । नगरक्षेत्रका सामुदायिक विद्यालय मध्येबाट एस.ई.इ. परीक्षामा सबै भन्दा उत्कृष्ट नतिजा ल्याउने १/१ एक जना छात्र र छात्रालाई रु. १००००/-(दश हजार मात्र) दरले नगदबाट पुरस्कृत गरिनेछ । त्यस्तो विद्यालयलाई भौतिक सुधारका लागि रकम रु. १,००,०००/-(एक लाख मात्र) पुरस्कार स्वरुप अनुदान उपलब्ध गराईनेछ ।

२९) नगरको शैक्षिक बिकास र बिद्यालय ब्यबस्थापनका लागि यसै सभाबाट नगर शिक्षा ऐन निर्माण गरी कार्यन्वयनमा ल्याईनेछ ।

३०) सामुदायिक विद्यालयमा शिक्षक बिध्यार्थीको अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

३१) विद्यालय जाने उमेर समूहका नगरका सम्पुर्ण बालबालिकालाई "**बिद्यालय भर्ना गराउँ, टिकाउर बिकाउ**नाराका साथ अभियान संचालन गरी नगरबाट पुर्ण रुपमा निरक्षरता उन्मुलन गरिनेछ ।

३२) प्रत्येक विद्यालयमा सरोकारवालाहरुको सहभागितामा पञ्चवर्षीय विद्यालय सुधार योजना निर्माण गराइनेछ, यस वापतको रकम विद्यालयहरुको खातामा निकासा पठाई सकिएको अवस्था सबैमा जानकारी गराउन चाहन्छु ।

३३) विद्यालयको सेवा क्षेत्रका अभिभावकहरुलाई शिक्षाप्रतिको सचेतनाको स्तर बढोस भनी अभिभावक शिक्षाको प्रबन्ध नगरपालिकाले मिलाउने छ ।

३४) कक्षामा गरिने अभ्यास देखि गृहकार्य तयारीको सन्दर्भमा आवश्यक सहयोग विद्यालयहरुमा कक्षा अवलोकन, नमूना कक्षा सञ्चालन गरिने छ,शिक्षण सिकाइ प्रणाली तथा अन्य पक्षहरुमा अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री शौचालय निर्माणकालाई प्राथमिकता दिईनेछ ।

३५) नगरक्षेत्र भित्र क्रियाशिल गैर सरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित गरी नतिजामूलक बनाउन र प्रभावकारी परिचालन गर्न गै.स.सं. परिचालन नीति बनाईनेछ । गै.स.सं. समिति र डेक्स (NGO DESK) स्थापना गरिनेछ ।

३६) नगरक्षेत्रभित्र क्रियाशिल गैर सरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित र नतिजामुलक बनाउन गै.स.स. परिचालन सम्बन्धि नीति बनाई कार्यान्वयन गरिनेछ । साथै गै.स.सं.हरुका बीचमा समन्वय गर्न नगरस्तरीय गै.स.सं.समन्वय समिति गठन गरिनेछ ।

३७) नगरपालिका र विभिन्न संघ संस्थाहरुको सहकार्यमा संचालन हुने कार्यक्रमहरुको कार्यक्रम सम्पन्न प्रतिवेदन नगरपालिकामा पेश गर्न अनिवार्य गरिनेछ । गैरसरकारी संघ संस्थाहरुसँगको सहकार्यलाई प्राथमिकता दिईने छ । क्षीरेश्वरनाथ नगरपालिका क्षेत्र भित्र कार्यक्रम संचालन गर्ने गै.स.सं.हरुका कार्यक्रम नगर विकास योजनामा अनिवार्य समावेश गराउन पहल गरिनेछ ।

३८) नगरमा क्रियाशिल व्यवसायिक संघ संस्थाहरुसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

३९) विपन्नताका कारण कतिपय परिवारका सदस्यको मृत्यु हुँदा अन्तिम लाश सदगत गर्न समेत समस्या भएको अवस्थालाई मध्यनजर गरी यहि २०७४ माघ ०१ गते देखि मृत्यु हुने व्यक्तिहरुकोहकमा मृत्यु दर्ता गर्न आउदा घरमुली सूचकलाई एक मुष्टरुपमा रु.१०,०००/-(दश हजार)अन्तीम संस्कार खर्च उपलब्ध गराउदै आएको ब्यबस्था आगामी आ. ब. २०७६।०७७ मा पनि परिमार्जन सहित निरन्तरता दिइने छ ।

४०) स्थानीय समुदाय विशेषका संस्कृतिलाई संरक्षण, विकास र प्रवर्द्धनमा प्रोत्साहन गर्ने नीति लिईनेछ

४१) भाषा, साहित्य, कला र संस्कृतिको विकास, उन्नयन र प्रवर्द्धन गर्न सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गरिनेछ । श्रष्टा सम्मान र उपचार सहयोग कोषको स्थापना गरिनेछ ।

४२) ऐतिहासिक क्षीरेश्वरनाथ मन्दिर, धार्मिक ऐतिहासिक, पुरातात्विक महत्वका स्थानहरुको संरक्षण र विकासमा जोड दिईनेछ ।

४३) नगरका शिक्षा, स्वास्थ्य, भाषा, सँस्कृति, कला, साहित्य आदिका विकासमा विशिष्ट योगदान पुर्‍याउने व्यक्तिहरुलाई सम्मान गर्ने नीति लिईनेछ ।

४४) नगरपालिकालाई सामाजिक रुपान्तरण गर्न सामाजिक परिचालनको कार्यक्रम संचालन गरिनेछ ।

४५) सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनिकरण कार्यक्रमलाई मुलप्रवाहीकरण गरिनेछ ।

४६) सामाजिक परिचालन मार्फत समाजमा सकारात्मक सोच अभिवृद्धिको कार्यक्रमलाई अगाडीबढाईनेछ ।

४७) स्वच्छ खानेपानीमा सम्पूर्ण नगरवासीको पहुँच कायम गर्न खानेपानी सँग सम्बन्धित निकायमा पहल र साझेदारी गरी सम्भाव्य स्थानहरुको अध्ययन गरी डिपिआर तयार गरिनेछ ।

४८) प्रतिभा तथा कलाकारहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने नीति लिईनेछ ।

४९) ग्रामिण क्षेत्रमा रहेका विपन्न, गर्भवति तथा सुत्केरी महिलाहरुको तत्कालै आपतकालीन उद्धार गर्न नगरपालिकाले जनकपुरधाम अञ्चल अस्पताल सम्मको लागि निःशुल्क एम्बुलेन्स सेवाको प्रबन्ध गर्नेछ ।

५०) नगर क्षेत्रभित्र रहेको आपाङ्ग व्यक्तिहरुको आत्मवल, सीप र क्षमता बढाउन विभिन्न विभिन्न किसिमका क्षमता अभिबृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५१) बाल विकास केन्द्रहरु मध्ये अगामि बर्षमा उत्कृष्ट २ केन्द्रलाई छनौट गरि नमूना वाल विकास केन्द्रको रुपमा विकास गर्ने नीति लिइनेछ ।

## जन स्वास्थ्य प्रबर्द्धन सम्बन्धी

१) क्षीरेश्वरनाथ नगरपलिकालाई स्वास्थ्य सेवा केन्द्रको रुपमा विकास गर्न महेन्द्रनगरमा रहेका सबै स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास र गुणस्तरीय सेवामा जोड दिईनेछ । निःशुल्क आधारभुत स्वस्थ्य सेवा सबै नागरिकको पहुचमा पुर्‍याउनेछ ।

२) यस आर्थिक वर्षमा सुविधासम्पन्न सर्पदंश सघन उपचार केन्द्र नेपाली सेना र संघीय सरकारको सहयोगमा नेपाली सेनाको व्यारेकमा स्थापना गरिदै छ ।

३) महिला स्वास्थ्य स्वंमसेविका सेवालाई थप प्रभावकारी बनाउन संचालन व्यवस्थापन निर्देशिका बनाई कार्यान्वयन गरिनेछ । स्वयंसेविका कोषहरुमा रहेका रकम बृद्धि गर्दै स्वयंसेविकाको हकहित प्रवर्द्धन परिचालन गर्न निर्देशिका बनाई कार्यान्वयन गरिनेछ । साथै स्वयम सेबिकालाई मासिक यातायात वापतको खर्च रु.१०००।०० उपलब्ध गराउदै आएकोमा अगामी आ.ब. देखि रु. ५००।०० थप गरी जम्म रु. १५०० (एक हजार पाँच सय) उपलब्ध गराईनेछ ।

४) स्वास्थ्य चौकीहरु र शहरी स्वास्थ्य केन्द्रहरुलाई स्रोत साधन सम्पन्न बनाउदै सेवा विस्तार गर्दै लगिनेछ । शहरी स्वास्थ्य केन्द्र संचालनार्थ क्षीरेश्वरनाथ नगरपालिका र समुदाय एवं अन्य सहयोगी संस्थाहरुको समन्वयमा Mutual fund स्थापना गरिनेछ । शहरी स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरुलाई समायनुकुल सेवा सुविधा प्रदान गरिनेछ ।

५) बाल एवं मातृ मृत्युदर घटाउने, बालवालिका महिला एवं जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धन गर्ने नीति लिईनेछ । यसै साल भित्र नगरलाई पूर्णखोपयुक्त नगर घोषणा गरिनेछ ।

६) निजी स्वास्थ्य संस्थाहरुको प्रभावकारी अनुगमन र नियमन गरिनेछ । अवैध रुपमा संचालित स्वास्थ्य संस्थाहरु बन्द गराईनेछ ।

७) आम उपभोक्ताको हितलाई ध्यान दिँदै खाद्य सुरक्षा र उपभोक्ता सचेतीकरण अभियान संचालन गरिनेछ । सरोकारवालाहरुको सहकार्यमा नियमित बजार अनुगमन गरी नियमन गरिनेछ ।

८) उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिबृद्धि गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई त्यस्ता कार्यलाई दण्डित गर्ने नीति लिईनेछ ।

९) जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगत रुपमा संचालन गरिनेछ । ८५ वर्ष भन्दामाथिका जेष्ठ नागरिकहरुको घरमै स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाउन प्रयत्न गरिनेछ ।

१०) मोति बिन्दु तथा रतन्धो आँखा रोग भएका ब्यक्तीहरुलाई आँखा उपचार तथा अप्रेशन खर्च बापत अप्रेशन पश्चात उपलब्ध गराउदै आएको रु.५०००/-( पाँच हजार) आगामी आ.ब.२०७६।०७७ मा पनि निरन्तर उपलब्ध गराईनेछ । यस प्रकारका सुविधा वितरण गर्न स्वदेशकै सरकारी अस्पतालको बिल तथा प्रेसक्रिप्सनलाई आधार बनाइने छ ।

११) आजका वालवालिका भोलीका कर्णधार हुन यिनीहरुको स्वास्थ्य सचेतनामा आवश्यकताहरु प्रति सचेत बनाउन उनीहरुका लागि सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

अन्तमा यस नगर सभालाई सफल पार्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने नगर सभा सदस्यज्यूहरु एवं राष्ट्रय सेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसै गरी हाम्रो निमन्तरणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि प्रदेश सभा सदस्य एवंम् नेपाली काँग्रेसका संसदीय दलका नेता माननीय राम सरोज यादव ज्यू, विशेष अतिथि, अतिथि एवंम संचारकर्मी साथीहरु तथा सभामा उपस्थित अन्य समाजसेवी, बुद्धिजीवि तथा सम्पूर्ण नगरबासीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

०९ असार, २०७६

योगेन्द्र पजियार
नगर प्रमुख, क्षीरेश्वरनाथ
नगरपालिका महेन्द्रनगर धनुषा
प्रदेश नं. २

# क्षीरेश्वरनाथ नगरपालिका कार्यालय, महेन्द्रनगर

## आ.ब. ०७६।७७ को राजस्व तथा अनुदान प्राप्तीको संशोधित अनुमान

रू.हजारमा

| शीर्षक नं. | आम्दानी शीर्षक | आ.व.२०७५।०७६ आषाढ ५ गते सम्मको यथार्थ | आ.व.२०७५।०७६ को संशोधित अनुमान | आ.व.२०७६।०७७ को अनुमान |
|---|---|---|---|---|
| **राजस्व :** | | | | |
| **आन्तरीक राजस्व** | | | | |
| ११३१२ | संस्थागत सम्पत्तिमा लाग्ने बार्षिक कर | ० | २०० | २०० |
| ११३१३ | एकीकृत सम्पत्ति कर | ० | १००० | १००० |
| ११३१४ | भुमिकर/मालपोत | २९०४ | २२०० | ३००० |
| ११३२१ | घर वहाल कर | २३३ | ३०० | ४०० |
| ११३२२ | वहाल विटौरी कर (बजार आदीबाट) | २९०२ | २९०२ | ३००० |
| ११४४३ | शिक्षा सेवा शुल्क | ० | ३०० | ३०० |
| ११४५१ | सवारी साधन कर | २ | १०० | १०० |
| ११४७३ | विज्ञापन कर | ८० | २०० | २०० |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १०८ | ६०० | ३०० |
| १४१५१ | सरकारी सम्पत्ति बहालबाट आय | २८६ | ६०० | ५०० |
| १४२११ | पोखरीमा माछा मार्ने | ७४८ | १००० | १७०० |
| ११६९१ | अन्य कर | ० | ६०० | १०० |
| १४२१२ | सम्पत्ति लिलामी बिक्रीबाट | ० | १०० | १०० |
| १४२२९ | अन्य प्रशासनीक दस्तुर | ८७ | १०० | १०० |
| १४२४२ | नक्सा पास दस्तुर | १२३५ | १००० | १५०० |
| १४२४३ | सिफारिस दस्तुर | ७६७ | १००० | १००० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २०० | ७०० | ५०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ८० | १०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| १४२४९ | अन्य दस्तुर | २०० | ३०० | ३५० |
| ११६९१ | अन्य कर(बालुवा, गिट्टी, दुङ्गा) | ४८४७ | ४८४७ | ५१०१ |
| | **जम्मा** | **१४६७९** | **१८१४९** | **१९५५१** |
| **अन्य आय :** | | | | |
| | बेरुजु रकम | ० | १०० | १०० |
| | **जम्मा** | **०** | **१००** | **१००** |
| **अन्तर सरकारी वित्तीय हस्तानान्तरण :** | | | | |
| | गत वर्षको मौज्दात अल्या | ५९०७५ | ५९०७५ | २०००० |
| | नेपाल सरकारबाट प्राप्त अनुदान : | | ० | |
| ८०११९२३ | वित्तीय समानीकरण अनुदान | १२३००० | १२३००० | १३३००० |
| | सशर्त अनुदान | ११६७०० | ११६७०० | १३२४०० |
| | जि.प्र.का. बाढीपिडित | ८५० | ० | ० |
| ३६५८५२४ | तराई मधेश समृद्धि कार्यक्रम | ६५०० | ७१५० | ६५०० |
| ३२९१२४३ | राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समिति | १९२०० | १९२०० | २०००० |
| ३१२११९३ | कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवद्धन केन्द्र | ८००० | ८००० | ८००० |
| ३६५१६०३ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ४५०० | ३५०० | ५००० |
| | सम्पुरक तथा विशेष कार्यक्रम | ० | १४००० | ५००० |
| ३६५०१५३ | सामाजिक सुरक्षा | ४७१७५ | ५०००० | ८०००० |
| ३३७१६५३ | सडक बोर्ड नेपाल | ३४६७ | २०५९ | ६००० |
| १३३२१ | यूनिसेफ कार्यक्रम | १९२४ | १९२४ | २००० |
| ३६५८४७३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १६४६ | १६४६ | १६४६ |
| ३६५१५८३ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम (एलजीसिडिपि) | ३०५ | १५०० | ४१० |
| ३७११०८३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३५३५ | ० | ५००० |
| | राजस्व बाँडफाँड (केन्द्रबाट) | ७२७३३ | ७२७३३ | ८८००० |
| | **जम्मा** | **४६६६८६** | **४८०४८७** | **५१२९५६** |
| **प्रदेश सरकारबाट अनुदान :** | | | | |

| | | | | |
|---|---|---|---|---|
| २६३३१ | वित्तीय समानीकरण अनुदान | २२१२ | २९५० | ७३२५ |
| २६३३२ | सशर्त अनुदान | १०००० | १०००० | १०००० |
| २६३३३ | सम्पुरक अनुदान | ० | ० | ४००० |
| २६३३४ | विशेष अनुदान | ० | ० | ३००० |
| | राजश्व बांडफांड | ० | ३५०० | ३५०० |
| | **जम्मा** | **१२२१२** | **१६४५०** | **२७८२५** |
| **जनसहभागिता** | | | | |
| | नगद लागत सहभागिता | ० | १५००० | १५००० |
| | **जम्मा** | **०** | **१५०००** | **१५०००** |
| | **कुल जम्मा** | **४९३५७७** | **५३०१८६** | **५७५४३२** |

# क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगर धनुषा

## आ.व.२०७६।०७७ को एकिकृत आय व्यय अनुमान

रू.हजारमा

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं. | आय शिर्षक | आय रकम | सि.नं. | व्यय शिर्षक | व्यय रकम |
| १ | गत मौज्दात | २०००० | १ | चालु खर्च(अनुसूची–१) | ४८४७० |
| २ | आन्तरिक आय | १९५५१ | २ | विषयगत कार्यालय तर्फ शसर्त अनुदान (अनुसूची–२) | १३२४०० |
| ३ | राजश्व बांडफांड | ३५०० | ३ | नगर स्तरीय योजना(अनुसूची–३) | १३७९०६ |
| ४ | अन्य आय | १०० | ४ | वडागत योजना रू. ४५ लाखको दरले(अनुसूची–४) | ४५००० |
| ५ | वित्तीय समानीकरण अनुदान | १३३००० | ५ | प्रबर्द्धनात्मक कार्यक्रम (अनुसूची–५) | २०००० |
| ६ | सशर्त अनुदान(पशु, महिला, स्वास्थ्य र शिक्षा) | १३२४०० | ६ | सामाजिक बिकास कार्यक्रम ( अनुसूची–६) | ७००० |
| ७ | सामाजिक सुरक्षा | ८०००० | ७ | सडक बोर्ड(अनुसूची–७) | ६००० |
| ८ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम (एलजीसिडिपि) | ४१० | ८ | सम्पूरक कोषका योजना (अनुसूची–८) | ५००० |
| ९ | सडक बोर्ड | ६००० | ९ | बहुक्षेत्रीय पोषण(अनुसूची–१०) | १६४६ |
| १० | यूनिसेफ | २००० | १० | गत मौज्दात व्यय (अनुसूची–१२) | २०००० |
| ११ | बहुक्षेत्रीय पोषण | १६४६ | ११ | यूनिसेफ | २००० |
| १२ | राजस्व बाडफाड (केन्द्रबाट) | ८८००० | १२ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम (एलजीसिडिपि) | ४१० |
| १३ | प्रदेश सरकारबाट वित्तीय समानीकरण | ७३२५ | १३ | प्रदेश सरकारबाट सशर्त अनुदान | १०००० |
| १४ | प्रदेश सरकारबाट सशर्त अनुदान | १०००० | १४ | नगद सहभागिता | १५००० |
| १५ | प्रदेश सरकारबाट सम्पुरक अनुदान | ४००० | १५ | तराई मधेश समृद्धि कार्यक्रम | ६५०० |
| १६ | प्रदेश सरकारबाट विषेश अनुदान | ३००० | १६ | राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समिति | २०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | नगद सहभागिता | १५००० | १७ | कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवद्धन केन्द्र | ८००० |
| १८ | तराई मधेश समृद्धि कार्यक्रम | ६५०० | १८ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५००० |
| १९ | राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समिति | २०००० | १९ | प्रधानमन्त्री रोजगार | ५००० |
| २० | कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवद्धन केन्द्र | ८००० | २० | समाजिक सुरक्षा | ८०००० |
| २१ | सम्पूरक तथा बिशेष अनुदान | ५००० | २१ | बेरूजु दाखिला | १०० |
| २२ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५००० | | | |
| २३ | प्रधानमन्त्री रोजगार | ५००० | | | |
| **जम्मा आय** | | **५७५४३२** | **जम्मा व्यय** | | **५७५४३२** |

## क्षीरेश्वरनाथ नगरपालिका कार्यालय, महेन्द्रनगर

## आ.व.२०७६।०७७ को संशोधित व्यय अनुमान

रू हजारमा

| खर्च शीर्षक नंम्बर | खर्च शीर्षक | आ.व.२०७५।०७६ आषाढ ५ गते सम्मको यथार्थ | चालु आ.ब.२०७५।०७६ को संशोधित अनुमान | आ.ब. २०७६।०७७ को अनुमान | श्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | नेपाल सरकार | | | प्रदेश सरकार | | | | अन्य निकायबाट प्राप्त |
| | | | | | | समानिकरण | सशर्त | राजश्व बाडफांड | समानिकरण | सशर्त | विशेष | सम्पुरक | |
| | चालु खर्च | | | | | | | | | | | | |
| २११११ | कर्मचारी तलब | ६५०३ | ११००० | १५२०० | २००० | १३२०० | | | | | | | |
| २१११२ | पदाधिकारी पारीश्रमिक | ७००० | ८४०० | ९००० | | ९००० | | | | | | | |
| २११२१ | कर्मचारी पोसाक | २०० | ४५० | ६५० | | ६५० | | | | | | | |
| २११३२ | महगि भता | ४२४ | ७५० | १३२० | | १३२० | | | | | | | |
| २११३४ | कर्मचारी बैठक भत्ता | ११२ | २०० | २०० | २०० | | | | | | | | |
| २११३५ | कर्मचारी प्रोत्साहन खर्च | १० | १००० | १००० | १००० | | | | | | | | |
| २११३९ | अन्य भता दशै, तिहार पालो पहरा | ० | ५० | ५० | | ५० | | | | | | | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ११०१ | २००० | २००० | | २००० | | | | | | | |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | ० | ५० | ५० | | ५० | | | | | | | |
| २१२१४ | कर्मचारी कल्याण कोष | ० | १००० | १५०० | १५०० | | | | | | | | |
| २२१११ | पानी तथा विजुली | ६७ | ३०० | ५०० | २०० | ३०० | | | | | | | |
| २२११२ | संचार महसुल | ११८ | ३०० | ४०० | १०० | ३०० | | | | | | | |
| २२२११ | इन्धन पदाधिकारी | ५८३ | ९०० | १००० | | १००० | | | | | | | |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ८६६ | १४०० | १५०० | | १५०० | | | | | | | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ३९९ | ५०० | ९०० | २०० | ७०० | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२२१४ | विमा तथा नविकरण खर्च | १६२ | १७० | ५०० | | ५०० | | | | | | | |
| २२२२१ | मेसिन औजार मर्मत तथा संचालन खर्च | ५७६ | ६०० | ८०० | २०० | ६०० | | | | | | | |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | १५७३ | १५८० | २३०० | ३०० | २००० | | | | | | | |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ० | १०० | १०० | ५० | ५० | | | | | | | |
| २२३१५ | छपाई पुस्तक पत्रपत्रिका | ४९० | ११०० | ७०० | २०० | ५०० | | | | | | | |
| २२३१९ | अन्य कार्यालय सामान | ८७७ | ९०० | ११०० | २०० | ९०० | | | | | | | |
| २२४१३ | करार सेवा शुल्क | ४५६५ | ४८०० | १००० | ६५०० | १००० | | | | | | | |
| २२४१४ | सरसफाई सेवा शुल्क | ९१९ | १००० | ११०० | | ११०० | | | | | | | |
| २२४१९ | अन्य सेवा शुल्क | | ५० | ५० | | ५० | | | | | | | |
| २२६११ | अनुगमन मुल्याङकन खर्च | ५८२ | ६०० | ७५० | | ७५० | | | | | | | |
| २२६१२ | भ्रमण खर्च | ३९६ | ४०० | ५०० | २०० | ३०० | | | | | | | |
| २२६१२ | सरुवा भ्रमण खर्च | | १०० | १०० | | १०० | | | | | | | |
| २२७११ | विविध खर्च | ७७३ | ८०० | ११०० | ३०० | ८०० | | | | | | | |
| २२७२१ | नगर सभा संचालन खर्च | ६८५ | १००० | १२०० | | १२०० | | | | | | | |
| २५३१५ | अन्य सहायता | | १५० | १५० | १५० | | | | | | | | |
| २८१४२ | घर भाडा | ६८१ | ८०० | ९०० | | ९०० | | | | | | | |
| २८१४३ | सवारी साधन तथा मेसिनरी औजार | ३६० | ५०० | ८०० | ३०० | ५०० | | | | | | | |
| २८९११ | भैपरी चालु खर्च | | ५० | ५० | | ५० | | | | | | | |
| **चालु तर्फको जम्मा** | | **३००२२** | **४३०००** | **४८४७०** | **७१००** | **४१३७०** | **०** | **०** | **०** | **०** | **०** | **०** | **०** |
| **पुजिगत तथा कार्यक्रम सम्बन्धि खर्च** | | | | | | | | | | | | | |
| २६६१२ | सर्शत कार्यक्रम (शिक्षा, स्वास्थ्य, पशु, कृषि, महिला विकास) | ७४७२९ | ११६७०० | १३२४०० | | | १३२४०० | | | | | | |
| | नगर स्तरीय योजना ( कार्यपालिका सहित) | २२२७३ | १२३३४९ | १३७९०६ | १२४५१ | ९१६३० | | १९५०० | ७३२५ | | ३००० | ४००० | |
| | वडा स्तरीय योजना ( वडा नं.१-१०) | २९७५० | ४५००० | ४५००० | | | | ४५००० | | | | | |
| २२५१२ | सामाजिक विकास कार्यक्रम | १८९१ | ६५०० | ७००० | | | | ७००० | | | | | |
| २२५२२ | प्रवद्धनात्मक कार्यक्रम | २१३८२ | २१७५० | २०००० | | | | २०००० | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश स्तरीय सशर्त कार्यक्रम | | | १०००० | | | | | | १०००० | | | |
| २७१११ | सामाजिक सुरक्षा | ३१५१९ | ५०००० | ८०००० | | | | | | | | | ८०००० |
| | वहुक्षेत्रीय पोषण कार्यक्रम | १८७ | १६४६ | १६४६ | | | | | | | | | १६४६ |
| | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम (एलजीसिडिपि) | ० | १५०० | ४१० | | | | | | | | | ४१० |
| | सडक बोर्डका योजना | ० | २०६० | ६००० | | | | | | | | | ६००० |
| | युनिसेफ कार्यक्रम | ९५१ | १९२४ | २००० | | | | | | | | | २००० |
| | नगद जनसहभागिता | ० | १५००० | १५००० | | | | | | | | | १५००० |
| | जि.प्र.का. बाढीपिडित | ८४९ | ० | ० | | | | | | | | | ० |
| | तराई मधेश समृद्धि कार्यक्रम | ० | ७१५० | ६५०० | | | | | | | | | ६५०० |
| | राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समिति | ८९३३ | १९२०० | २०००० | | | | | | | | | २०००० |
| | कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवद्धन केन्द्र | ० | ८००० | ८००० | | | | | | | | | ८००० |
| | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ० | ३५०० | ५००० | | | | | | | | | ५००० |
| | सम्पुरक तथा विशेष कार्यक्रम | ० | १४००० | ५००० | | | | | | | | | ५००० |
| | गत मौज्दात व्यय | २०४३० | ४९९०७ | २०००० | | | | | | | | | २०००० |
| **पुँजिगत तर्फको जम्मा** | | **२१२८९४** | **४८७१८६** | **५२१८६२** | **१२४५१** | **९१६३०** | **१३२४००** | **९१५००** | **७३२५** | **१००००** | **३०००** | **४०००** | **१६९५५६** |
| **चालु र पुजिगत सहित कुल जम्मा खर्च** | | **२४२९१६** | **५३०१८६** | **५७०३३२** | **१९५५१** | **१३३०००** | **१३२४००** | **९१५००** | **७३२५** | **१००००** | **३०००** | **४०००** | **१६९५५६** |
| **थप बजेटको कार्यक्रम सम्बन्धि खर्च** | | | | | | | | | | | | | |
| | विपद व्यवस्थापन कोष | २५७ | | ० | | | | | | | | | ० |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४१४ | | ५००० | | | | | | | | | ५००० |
| | कक्षा ८ परिक्षा संचालन | १४१ | | ० | ० | | | | | | | | |
| | अर्थ बजेट | २२२० | | ० | | | | | | | | | ० |
| | बेरुजु | ० | १०० | १०० | | | | | | | | | १०० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| थप बजेट तर्फको जम्मा | ३०३२ | १०० | ५१०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५१०० |
| चालु, पुजिगत र थप सहित कुल जम्मा खर्च | २४५९४८ | ५३०२८६ | ५७५४३२ | १९५५१ | १३३००० | १३२४०० | ९१५०० | ७३२५ | १०००० | ३००० | ४००० | १७४६५६ |